Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १९, २०८२ साल मंसिर १६ गते मंगलबार (December 3, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com



# विकासलाई राजनीतिक पैरोले नरोकौं

■ मोहन कार्की

नेपालमा बहुदलीय व्यवस्था स्थापना भएपछि राजनीतिक पार्टीहरुको बढोत्तरी भएको छ । संविधानलाई मानेर औपचारिक रुपमा खुलेका पार्टी पनि धेरै छन् । कतिपय त संविधान मान्दिन भनेर विदेशी हत्तियार ल्याएर नेपालका आफ्नै दाजु भाइ दिदीबहिनी मारेर समेत राजनीति गर्न आएका थुप्रै नेपाली अनुहार नेपाली नागरिता पनि बोकेका तर विदेशी योजनाहरुमा फसेर नेपाल विरुद्ध राजनीतिक नामवाट काम गरिरहने पार्टीका मानिसहरु नेपालमा छन् । देखिन्छन् ।

यस्तै विदेशी निर्देशन मानेर राजनीति गर्ने मानिसहरुले फैलाएको आताङ्क, चलाएको उदण्डता, हुलहुज्जत गरेर नेपालमा स्थापित उद्योग, कलकारखान, व्यापार लगायत आर्थिक उन्नतीका लागि गर्न सकिने क्षेत्रहरुमा निरासा उत्पन्न गराई नेपाललाई माया गरेर बसेका मेहनती सफल नेपालीहरुलाई देशवाट नै पलायन हुने वातावरण यस्तै विदेशी योजनामा राजनीति गर्ने तत्वहरुको कारणले विस्थापित गरेको छर्लङ देखिएको छ ।

**विकास निर्माणमा अवरोध**

नेपालका राष्ट्रिय गौरवका योजनाहरु जव बनाउन शुरु मात्र के गर्न थाल्छन् । ति योजनाहरुलाई रोक्न लागत बढी भयो । फलानाले यति भ्रष्टचार गर्न लाग्यो भनेर राजनीतिक पार्टीका केही त्यस्ता व्याक्तिहरुले विरोध जनाउछन् । नेपालका ठुला भनिएका ब्रोसिटलाई विज्ञापनको नाममा ठुला ठुला अक्षरमा समाचार लेख्न लगाईन्छ । त्यही समाचारलाई आधार मानेर संसदीय प्रणाली भएको देशमा संसदमा कुरा उठ्छ । छानविन समिति गठन हुन्छ । छानवीन समितिले काम रोक्न भन्छ । काम रोकिन्छ । काम रोकिएपछि नेपालले निर्माण गर्नुपर्ने विकासको सरचना बन्दैन । त्यसपछि नेपाल अन्य देशहरुको तुलनामा विकासमा पछि पर्छ । यस्तै चलनहरु नेपालमा चल्दै आए । नेपालमा लोकतन्त्रको नाममा विना तथ्य प्रमाण नभएपनि आरोप लगाउने कुप्रचार गर्ने जस्ता कुसस्कारहरु विकास भएका देखिन्छन् ।

यहि यस्तै चलनहरु चल्दै आयो भएका उद्योग बन्द भए, कलकारखाना बन्द भए, बेरोजगार बढ्न थाल्यो । निरासा र आक्रोश बढेर गईरहेको वेलामा यस्तै विना प्रमाण अरुलाई आरोप लगाउने, नकरात्कता बढाउने काम भईरहेको वेलामा ठुलो परिणाममा नकरात्मकता बढ्दै गएर नेपालका युवा पुस्ताले त्यही सिके त्यसपछि भ्रष्टचार भयो रोक्नुपर्छ भन्दै बानेश्वरमा कराए, उफिए । तत्कालीन अन्धो सरकारले गोली वर्षाईदियो । » बाकी ६ पृष्ठमा

## भदौ २३ गते जेनजी शहीद दिवस मनाउने सरकारको निर्णय



काठमाडौं- सरकारले प्रत्येक वर्ष भदौ २३ गते जेनजी शहीद दिवस मनाउने निर्णय गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रत्येक वर्ष भदौ २३ गतेलाई जेनजी शहीद दिवसको दिनमा मनाउने निर्णय गरेको सरकार प्रवक्ता एवं सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए ।

त्यस्तै, सरकारले जेनजी आन्दोलनका क्रममा शहीद भएका व्यक्तिका परिवारका आमा, बुबा, श्रीमति, अविवाहित छोरी/अविवाहित छोरालाई फोटोसहितको परिचयपत्र उपलब्ध गराउने निर्णय पनि गरेको छ ।

सरकारले सो आन्दोलनका क्रममा ज्यान गुमाएका ४५ जनालाई यसअघि नै शहीद घोषणा गरिसकेको छ ।

## प्रेस काउन्सिलको अध्यक्षमा वरिष्ठ अधिवक्ता डा. कुमार आचार्य मनोनीत



काठमाडौं- सरकारले प्रेस काउन्सिलको अध्यक्षमा वरिष्ठ अधिवक्ता डा. कुमार आचार्यलाई मनोनीत गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले नेपाल मेलमिलाप परिषद्मा विज्ञको रुपमा कार्यरत आचार्यलाई नियुक्त गर्ने निर्णय गरेको हो । उनी यसअघि मेलमिलाप परिषद्मै करिब ३ वर्ष सदस्यको रुपमा उनी कार्यरत थिए ।

२०४० सालमा अधिवक्ता भएका उनी २०६९ सालमा वरिष्ठ अधिवक्ता बनेका थिए । नेपाल बारको » बाकी ६ पृष्ठमा

## महाधिवेशन सफल पार्न युद्धस्तरमा जुटौं : प्रदीप पौडेल



काठमाडौं । नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेलले पुस महिनाभित्र महाधिवेशन सम्भव भएको भन्दै युद्धस्तरमा जुट्न आग्रह गरेका छन् । पार्टी पदाधिकारीसँगै सबै उत्तिकै जिम्मेवार बनेर लाग्नु पर्ने उनको भनाइ छ ।

केन्द्रीय कार्यसमिति बेठक सुरु भएको दोस्रो दिन नै आफूले पुस मसान्तभित्र महाधिवेशन सम्पन्न गर्नेगरी कार्यतालिका बनाएर सहमति गर्नं पर्ने प्रस्ताव राखेको जनाउँदै उनले डेढ महिना यसै खेर गएको जिकिर गरेका छन् ।

नियमित महाधिवेशनको कार्यतालिका पारित भएसँगै आफूलाई धेरै नेता-कार्यकर्ताले फोनमार्फत सम्पर्क गरेर समयमा सकिंदैन कि भन्ने संशय व्यक्त गरिरहेको बताएका पौडेलले अब युद्धस्तरमा काम हुने र महाधिवेशन भएरै छाड्ने बताए ।

'मैले गत ३० कात्तिकमा नै तालिका बनाएर अघि बढे महाधिवेशन सम्भव छ । बैठक लामो नचलाऔं । बाँकी अवधिमा महाधिवेशन गर्न सकिन्छ भनेर प्रस्ताव लगेको थिएँ,' नेता पौडेलले भिडियो वक्तव्य जारी गर्दै भनेका छन्, 'तर, यसलाई गम्भीर रूपमा लिन नसक्दा डेढ महिना अनावश्यक » बाकी ६ पृष्ठमा

## सुदूरपश्चिममा नेकपाको सन्देश सभा

काठमाडौं- नेपाली कम्युनिस्ट पार्टीले धनगढीमा सन्देश सभा गरेको छ । शुक्रबारदेखि सुरू भएको प्रदेश स्तरीय सन्देश सभाको पहिलो कार्यक्रम सुदूरपश्चिमको धनगढीमा गरिएको हो ।

कार्यक्रममा पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सह(संयोजक) माधवकुमार नेपाल, भीम रावल लगायतका नेताहरू सहभागी छन् । कात्तिक १९ गते १० वटा कम्युनिस्ट घटकहरू एकीकृत भएको नेपाली कम्युनिस्ट पार्टीले सातै प्रदेशमा एकताको सन्देश दिन शुक्रबारदेखि सभा गर्न लागको हो ।

सन्देश सभालाई पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', सह(संयोजक) माधवकुमार नेपालसहित शीर्ष नेता र प्रदेश तहका नेताहरूले गर्नेछन् । लुम्बिनीको देउखुरीमा मंसिर १३ गते, गण्डकीको पोखरामा » बाकी ६ पृष्ठमा

## कांग्रेसको क्रियाशील सदस्यता नवीकरण र वितरण पुस ५ भित्र

काठमाडौं- नेपाली कांग्रेसले १५ औं महाधिवेशनका लागि ५ पुस भित्र क्रियाशील सदस्यता नवीकरण र वितरणको काम सम्पन्न गरिसक्ने कार्यतालिका निर्धारण भएको छ ।

सोमबार बसेको केन्द्रीय कार्यसमिति बैठकले महाधिवेशनको कार्यतालिका सर्वसम्मत पारित गर्दै क्रियाशील सदस्यता नवीकरण र वितरणको सम्पूर्ण काम ५ पुसभित्र गरी सक्ने निर्णय गरेको हो ।

निर्णयमा ५ पुसमा केन्द्रबाट नवीकरण र नयाँ वितरण भएको क्रियाशील सदस्यताको नामावली स्वीकृत गर्ने अवधि तोकिएको छ ।

कांग्रेसले क्रियाशील सदस्यता नवीकरण नभएका, छुटेका, विवरण पठाउन बाँकी रहेका जिल्लाले कार्यसमिति बैठकको निर्णय, नवीकरणको सूचीको अन्तिम नामावली र रकम केन्द्रमा पठाउने अन्तिम मिति २५ मंसिर तोकेको छ ।



यस्तै पुस ८ भित्र छुट भएकाहरूको नामावली, निर्णय र रकम केन्द्रमा पठाउन सकिने निर्णयमा भनिएको छ ।

कांग्रेसले नेपाली जनसम्पर्क समितिले क्रियाशील सदस्यता नवीकरण र नयाँ वितरणको सम्पूर्ण काम मंसिर मसान्तभित्र गरी सक्ने भनेको छ ।

निर्णयमा क्रियाशील सदस्यता नयाँ र नवीकरणको नामावली केन्द्रमा पठाउने अवधि ३ पुसका लागि तोकेको छ ।

## देश गम्भीर संकटमा गुज्रिरहेको छ : झलनाथ खनाल

विराटनगर- नेपाली कम्युनिस्ट पार्टीका नेता झलनाथ खनाल देश गम्भीर संकटमा गुज्रिरहेको बताएका छन् ।

विराटनगरमा आयोजित नेकपाको सन्देश सभालाई सम्बोधन गर्दै देशलाई निकास दिनका लागि कम्युनिस्ट पार्टी एकतामा जोडिएको बताएका हुन् ।

» बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १९,
२०८२ साल मंसिर १६ गते मंगलबार
2 DECEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# दिर्घकालीन खेलकुदको विकास गरौं ।


नेपाल देश सम्भावन नै सम्भावना भएको देश हो । नेपाल प्राकृति, सांस्कृति, धार्मिक, पर्यटन जस्ता, थुप्रै खालका स्रोतहरू नेपालमा पाईन्छ । ति मूख्य स्रोत वाहेक पनि अन्य सम्भावनाहरू पनि रहेका छन् । यतिवेला नेपालको नवनिर्मित किर्तिपुरस्थित अन्तराष्ट्रिय क्रिकेट स्टेडिय नेपालको ए डिजिभज एनपिलका खेलहरू भईरहेकाछन् । निक्कै महत्वका साथ आयोजना गरिएको एनपिएलका खेलहरू भईरहदा त्यस खेलप्रति राष्ट्रिय अन्तराष्ट्रिय आकर्षणले नेपालको गौरव बढाउनुको साथै नेपालमा धन-सम्पति भईकन पनि खुम्चिएर बस्ने अर्थतन्त्रलाई चलायनमान गाराउन सकेको छ ।

नेपाल क्रिकेट एसोसिएसनले आयोजना गरेको खेलमा झण्डै एक अरबभन्दा बढी लगानी भएको र त्यो लगानीको चक्रिय प्रणलीले नेपालको अर्थतन्त्रमा थोरै भएपनि टेवा दिन सकेको छ । त्यति मात्र होइन नेपालमा अन्तराष्ट्रियस्तरका खेलकुदहरू आयोजना गर्न सकियो भने नेपालका हाम्रा प्राकृतिक हिमालय श्रृखंलाहरू, याहाको वातावरण, याहाका धार्मिक, सांस्कृतिक क्षेत्रहरूको प्रचारमा पनि उल्लेखिय मात्रमा बृद्धि भई नेपालमा खेलकुद पर्यटन बढ्न सक्ने सम्भाना देखिन्छ ।

विश्वका सात समुन्द्र, पाँच महादेश मध्य हिन्द महासागरभित्र रहेको नेपाल एसिया महादेशमा पर्दछ । एसियाका ठुला देश चीन र भारत नेपालका छिमेकी राष्ट्रहरू हुन् । त्यसमा दक्षिण एसिया सार्क राष्ट्रको मुख्य सचिवालय नेपालमा रहेको छ । यि सार्क राष्ट्रहरूमा नेपाल, भुटान र अफगानिस्तान भुपरिवेष्ठित राष्ट्रहरू हुन् । श्रीलंका र माल्दिभ्स टापुका देशहरू भनेर चिनिन्छ । नेपाल र भारत हिन्दु बाहुल्यता भएका देशहरू हुन् भने पाकिस्तान, अफगानिस्तान, माल्दिभ्स, वगलादेश मुस्लिम बाहुल्यता भएका देशहरू हुन् । यी आठओटै राष्ट्रमा बुद्धिष्ट धर्मलम्बीहरू भएपनि भुटानमा मात्र बुद्धिष्ट बाहुल्यता भएको राष्ट्र हो ।

सार्क राष्ट्रहरूमा सवै देशहरूको भाइचारा छ । तर भारत र पाकिस्तान सन् १९४७ मा भारत स्वतन्त्र भएसँगै एउटै देश दुईदेशको रूपमा विभाजन भएदेखि थुप्रै खालका युद्धहरू समेत भएकाछन् । भारत र पाकिस्तान बीच देश देशको प्रतिष्ठाको लडाई र तनाव खेलकुदका समेत देखिने गरेको छ । त्यसकारण नेपाल सार्क राष्ट्रको स्थाई सदस्य समेत भएको र दक्षिण एसियामा तनाव उत्पन्न हुन नदिन कोसिस गर्नकै निम्ति स्थापना भएको सार्कको उद्देश्य अनुरूप नेपालले दक्षिण एसियामा हुने महत्वपूर्ण खेलकुदहरू आयोजना गराउने गरी खेलकुदको भौतिक विकास, खेलकुदको सस्कार, राष्ट्रिय-अन्तराष्ट्रिय खेलाडीहरूको सुविधा र सुरक्षाको व्यवास्थापन गरेर नेपालको खेलकुदवाट पनि अर्थतन्त्र उकास्न ठुलो सम्भावना रहेको देखिन्छ ।

# मुलुकको सार्वजनिक ऋणको पुन: परिचर्चा



■ डिल्लीराम मिश्र "कलमजीवी"

नेपालमा सार्वजनिक ऋणको पछिल्लो अभिलेखअनुसार चालू आर्थिक वर्ष २०८२/०८३ को असोजसम्म नेपाल सरकारले तिर्नुपर्ने सार्वजनिक ऋणको दायित्व २७ खर्ब २४ अर्ब ६५ करोड रुपियाँ पुगेको छ। यो ऋण नेपालको कुल गार्हस्थ्य उत्पादन अर्थात् जीडीपीको ४४.६१ प्रतिशत हो । यसअन्तर्गत तिर्नुपर्ने सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४४.६१ प्रतिशत रहँदा उक्त सार्वजनिक ऋणमध्ये आन्तरिकतर्फ १२ खर्ब ७८ अर्ब ७ करोड रुपियाँ रहेको छ, जुन जीडीपीको २०.९३ प्रतिशत हिस्सा हो । यस्तै बाह्य ऋणतर्फ १४ खर्ब ४६ अर्ब ५८ करोड रुपियाँ रहेको छ र यो पनि जीडीपीको २३.६९ प्रतिशत हिस्सा नै हो ।

यसरी हेर्दा देशको कुल ऋणभारमा आन्तरिक ऋणभन्दा वैदेशिक ऋणको मात्रा बढ्दो रुपमा छ। नेपालको आन्तरिक र वैदेशिक ऋण कतिसम्म नकारात्मक दिशातर्फ उन्मुख रहेको छ भन्ने सवाल गएको तीन महिनामा एक खर्ब ८४ करोड ऋण प्राप्ति हुँदा एक खर्ब ९ अर्ब ८९ करोड रुपियाँ भुक्तानी भएको छ, तर विडम्बना यसरी भुक्तानी भएको रुपियाँमध्ये ९० अर्ब ५० करोड सावाँ ऋण र १९ अर्ब ३८ करोड ब्याजका लागि खर्च भएको छ । ऋण तिर्न ऋण लिए र ऋणको सावाँ-ब्याज तिर्नुपर्ने अवस्था नेपालजस्तो मुलुकको लागि दुर्भाग्यपूर्ण परिवेश हो । देशमा राष्ट्रिय सम्पत्तिको चरम दुरुपयोग हुँदा ऋण काढेर चालू खर्च छान्ने प्रवृत्तिमा सरकारको चिन्तन र दृष्टिकोणमा कहिल्यै सुधार भएन ।

मुलुकमा जथाभावी खर्च गर्ने अनैतिक प्रवृत्ति र क्षमताको तुलनामा राजस्व सङ्कलन नभएपछि सरकार ऋणकै भर पर्नुपरेको छ । लक्ष्यअनुसार राजस्व सङ्कलनमा सुधार नहुँदा चालू खर्च धान्न सरकारले ठूलो मात्रामा आन्तरिक ऋण उठाएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०८२/०८३ को पहिलो तीन महिनामा एक खर्ब ८४ करोड सार्वजनिक ऋणभार थपिएको छ । यो अवधिमा आन्तरिक ऋण मात्रै ९० अर्ब उठाइएको छ, जुन तीन महिनाको सार्वजनिक ऋणमध्ये ४८.९ प्रतिशत हिस्सा हो ।

अर्थ मन्त्रालयका अनुसार यस अवधिमा देशको राजस्व सङ्कलन वृद्धिदर ०.३२ प्रतिशत मात्रै छ, कस्तो लज्जाबोधको अवस्था छ देशमा ? उता चालू आर्थिक वर्षको पहिलो चौमासिकमा तीन खर्ब २९ अर्ब ५१ करोड मात्रै राजस्व सङ्कलन भएको छ, जुन लक्ष्यको ७७.४९ प्रतिशत मात्र हो । यस आवको कात्तिकसम्म सरकारले ४ खर्ब २५ अर्ब २३ करोड राजस्व उठाउने लक्ष्य राखेको थियो, तर यो बजेट सरकारको लक्ष्यभन्दा ९५ अर्ब ७२ करोड रुपियाँ नपुग हो । जबकि यसै अवधिमा नेपाल सरकारले चार खर्ब ६८ अर्ब ८८ करोड रुपियाँ बजेट खर्च गरेको छ ।

यस चार महिनाको अवधिमा सरकारको आम्दानीभन्दा खर्च एक खर्ब ३९ अर्ब ३७ करोड रुपियाँले बढी छ । अर्थतन्त्रको यस्तो कमजोर अवस्थामा राजस्व सङ्कलनले चालू खर्च धान्न नपुग्ने वातावरण सिर्जना भएपछि नेपाल सरकार आन्तरिक ऋणकै शरणमा पुगेको हो । यो अवधिमा सरकारले १० अर्ब ८४ करोड रुपियाँ मात्रै विदेशी ऋण उठाउन सकेको अवस्था देखिन्छ । देशलाई आत्मनिर्भरतातिर मुखरित बनाउनुभन्दा पनि नेपाल सरकारले चालू आर्थिक वर्षको लागि खर्च धान्न पाँच खर्ब ९५ अर्ब ऋण उठाउने लक्ष्य लिएको छ, तर त्यो लक्ष्य कति सम्भव छ ? ऋण लिन र ऋण उठाउनलाई मात्र महान् उपलब्धि ठान्ने सरकार देशमा क्रियाशील भएपछि मुलुकको हालत यस्तै हुन्छ, जुन अहिले भैरहेको छ ।

चालू आवको तीन महिनासम्म लक्ष्यको १६.९६ प्रतिशत ऋण उठेको छ, जुन लक्ष्य पूरा गर्न २५ प्रतिशत उठ्नुपर्थ्यो । यस आर्थिक वर्षमा सरकारले तीन खर्ब ६२ अर्बको आन्तरिक ऋण र २ खर्ब ३३ अर्बको बाह्य ऋण उठाउने लक्ष्य लिएको छ । सरकारले गत तीन महिनामा लिएको एक खर्ब ८४ करोड ऋणबाट पुरानो ऋणको किस्ताबापत र अहिले लिएको नयाँ ऋणको अधिकांश पुरानो ऋणको सावाँ-ब्याजको भुक्तानी गर्नमै खर्च भइरहेको छ ।

> "नेपालले योजनाबद्ध विकासको थालनी गरेको पनि झन्डै सात दशक पुग्दै छ, तर यसले देशले खोजेको आशातीत उपलब्धि दिन सकेन । विगतमा सरकारले घोषणा गरेका राष्ट्रिय गौरवका आयोजनाहरू अलपत्रजस्तै अवस्थामा छन् ।"

विदेशी मुद्रा विनियमदरमा आएको उतारचढावका कारण देशको व्ययभार झनै थपिएको छ । गत आव २०८१/०८२ मा सङ्घीय सरकारको सञ्चित कोष अर्थात् आयव्ययको समष्टि रुप एक खर्ब ९६ अर्ब रुपियाँ ऋणात्मक रहेको छ । बढ्दो ऋण चुक्ता दायित्वसँगै पूँजीगत खर्चको स्तर र वित्तीय व्यवस्थाका लागि विनियोजित बजेटबीचको अन्तर झनै फराकिलो हुँदै जाँदा देशको भविष्यमा सरकारको लगानी गर्न सक्ने सामर्थ्यमा सङ्कुचन ल्याउने जोखिम देखिन्छ। सरकारले यस चालू आवमा ऋण सेवा खर्चमा ४ खर्ब ११ अर्ब एक करोड रुपियाँ विनियोजन गरेको छ । चालू आवको गत असोजसम्म कुल सार्वजनिक ऋणअन्तर्गत जीडीपीमा वैदेशिक ऋणको हिस्सा ५३.०९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.९१ प्रतिशत रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले चालू आवमा देशको जीडीपी ६१ खर्ब ७ अर्ब रुपियाँ पुग्ने प्रक्षेपण गरेको छ ।

मुलुकलाई सधैं अधोगतितर्फ लैजाने ज्यादै नकारात्मक सन्दर्भ के हो भने, सरकारले चालू आर्थिक वर्षको पहिलो चार महिनाको पूँजीगत खर्च गत पाँच आवकै सबैभन्दा कमजोर देखिएको छ । एकातिर पूँजीगत बजेट नै कम विनियोजन गरिएको छ भने अर्कोतिर यस आवको कात्तिकसम्म विनियोजित वार्षिक वजेटको ६.२१ प्रतिशत मात्रै पूँजीगत खर्च भएको छ। सरकारले बजेट भाषणमार्फत चालू आव २०८२/०८३ को लागि १४ खर्ब ८० अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको छ तर यो पहिलो चौमासिकमा जुन वार्षिक लक्ष्यको २२.२६ प्रतिशत मात्र राजस्व उठेको छ ।

अहिले मुलुकमा उत्पादन क्रान्तिको खाँचो अपरिहार्य रहेको छ। सबै प्रकारका उत्पादनविना देशको विकास र प्रगति कदापि सम्भव हुँदैन । अबको क्रान्ति सधैं राजनीतिक प्रणाली परिवर्तनका लागि हैन, मुलुक र नागरिकको आर्थिक समृद्धि, आत्मनिर्भरता र उत्पादनमा केन्द्रीकृत रहनुपर्ने हो। तर सधैंको सत्ता राजनीतिक भागवण्डा, खिचातानी र सत्तास्वार्थको कारण शासन प्रणालीमा आमूल परिवर्तन आए पनि गाउँका खेतबारी र युवाको भविष्यको जिजीविषा बदलिएन । परिवर्तनले सरकार बदलियो तर उत्पादनको जग बसाउन सकेन । सधैं राज्यसत्ताका नायक पात्रहरु ओली, देउवा, प्रचण्ड, माधव, झलनाथ र बाबुरामको नेतृत्वमा रहेका सरकारले मुलुकलाई कहिल्यै पनि आत्मनिर्भरताको बाटोमा हिँडाउने काम गरेनन् । उनीहरु सधैं देशलाई परनिर्भरतातर्फ लैजाने बाटोमै उद्यत रहिरहे । ऋण लिएर नै देश लुट्ने प्रवृत्तिलाई उनीहरुले पहिलो प्राथमिकता दिए, जसको कारण आज देश यहाँभन्दा कति बिग्रनु ? सात दशक लामो जनसङ्घर्षपछि प्राप्त संसदीय शासनप्रणालीले जनताका सर्वोपरि आकाङ्क्षा अनुरुप देशमा स्थायित्व र सुशासन दिन नसक्नु आजको चिन्ता र चिन्तनको सवाल हो । अहिलेका ओली, देउवा र प्रचण्डको आक्रोश र चिन्ता भनेकै अरु केही पनि होइन केवल इतिहासदेखि कब्जामा रहेको राज्यसत्ता गुम्नुको पीडाबोध मात्र हो, जुन जेनजी समूहले उनीहरुका लागि चेतनाको आवाज बुलन्द गरिदिएका छन् । नेतृत्ववर्गले सत्ता कब्जाको हैन सुशासनको राजनीति गर्नुपर्नेमा दलको एजेन्डा र आफ्नो इतिहास यस्तो थियो भनेर अलापविलाप गर्दैमा अबका दिनमा नेपाली जनताको आस्था र विश्वास जित्न कदापि सकिँदैन, त्यसको लागि नैतिकवान् बनेर, कामै गरेर देखाउन जरुरी छ ।

राजनीतिमा युवा नेतृत्वको प्रश्न आफैँमा अर्थपूर्ण हुन्छ, तर दल र राज्य सत्तामा युवा खोज्नु र युवा हुनु आफैँमा सुन्दर पक्ष भए पनि देशलाई केवल उमेरले युवा चाहिएको होइन, कारण ७२ वर्षको उमेरमा पनि चिनिया समाजवादी नेता देयाङस्याङ पिङले आधुनिक चीनको चरम विकास र निर्माणमा आफ्नो उन्नत भिजनसहितको कार्ययोजना प्रस्तुत गरेका थिए । आज उनकै जगमा जनवादी चीनको विकास कहाँ पुगेको छ, जुन आम मानिसले गर्ने कल्पनाभन्दा बाहिरको विषय बनेको छ । त्यसैले आजको जनचाहना अनुरुपको राजनीतिक र आर्थिक विकासको लागि अन्तरपुस्ता संवाद अत्यन्त समसामयिक विषय हो ।

यो किन पनि जरुरी छ भने, नेपाललाई विश्व समुदायमा एक समुन्नत राष्ट्रको परिचय दिलाउनका लागि पनि बूढो पुस्ताको दन्त्यकथामा आधारित हावादारी एकलकाटे चिन्तन होइन परन्तु नयाँ पुस्ताको ऊर्जापूर्ण, सुस्पष्ट सोच, परिपक्व समन्वय, कार्ययोजना र फराकिलो सिद्धान्त दर्शनको अपेक्षा नेपाली जनताले लामो समयदेखि ऋणमुक्त समाजको रुपमा गरिरहेकै छन् ।

अरु देशहरुको अवस्था हैन, किन्तु नेपालको हकमा सार्वजनिक ऋणको विवेकसम्मत प्रयोग हुन नसक्नु दुर्भाग्यपूर्ण घटना हो ।

कुनै पनि देशको ऋणभारको दायित्व कतिसम्म राम्रो हो भन्ने मापन गर्ने सन्दर्भमा चलेको उत्तम विधि सम्बन्धित देशको कुल गार्हस्थ्य उत्पादन अर्थात् जीडीपीसँगको अनुपातलाई प्रतिशतमा निकाल्नु नै हो । कुल ऋण रकमलाई मुद्रामा मापन गर्ने हो भने त्यो अर्थतन्त्रको आकारसँग निर्भर हुन्छ। त्यसैले अर्थतन्त्रको आकारसँग तुलना गरेर यस्तो ऋण मापन गर्दा ऋणको भार बहन क्षमता प्रस्ट हुने भएकोले यसो गरिएको हो । यो विधि विश्वव्यापी मापनविधि हो । यसो गर्दा ठूलो आकारको अर्थतन्त्रमा धेरै र सानो अर्थतन्त्रमा थोरै रकमको ऋणभार बहन क्षमता हुन्छ ।

नेपालले योजनाबद्ध विकासको थालनी गरेको पनि झन्डै सात दशक पुग्दै छ, तर यसले देशले खोजेको आशातीत उपलब्धि दिन सकेन । विगतमा सरकारले घोषणा गरेका राष्ट्रिय गौरवका आयोजनाहरु अलपत्रजस्तै अवस्थामा छन् । यी आयोजनाहरुले अहिलेसम्म कुनै सकारात्मक प्रतिफल दिन सकिरहेको देखिँदैन । सबै आयोजनाहरु कमिसन, दलाल र भ्रष्टाचारको चङ्गुलबाट आक्रान्त छन् । उदाहरणको रुपमा मित्रराष्ट्र चीन सरकारसँग ऋण लिएर पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गरियो, जहाँ कमिसनबाहेक १० अर्बको भ्रष्टाचार भएको छ । देशको लागि यो विमानस्थल निर्माण गर्नु आवश्यक हो वा हैन, विनाअध्ययन नै निर्माण गरिएको यो विमानस्थलको प्रतिफल आज शून्य अवस्थामा रहेको छ । यस्ता स्वरुपका सयौं परियोजनाहरु देशमा क्रियाशील रहेका छन् ।

विशेष गरी विकासशील र अल्पविकसित देशहरुमा विकास बजेटको हिस्सा बढी हुने, तर त्यसका लागि आयस्रोत कम हुने हुँदा यस्तो देशमा घाटा बजेटको अवस्था बढी देखिन्छ, जुन अवस्था नेपालले हरेक आर्थिक वर्षमा भोगिरहेकै छ । यस्तो अवस्थामा देशको बजेटघाटा व्यवस्थापन गर्न वैदेशिक सहयोग एवम् आन्तरिक र बाह्य ऋणजस्ता स्रोतमा भर पर्नुपर्ने हुन्छ। देशको कुल जीडीपीको आधारमा त्यस देशले ऋण लिएको हुन्छ। कुनै पनि देशले ऋण लिएर आफ्नो देशको विकास र जनताको हितको पक्षमा लगानी गर्नु राम्रो कदम हो, तर दुरुपयोग गर्नु देशको लागि महान् अपराध हो ।

वैदेशिक ऋणमा जीडीपीको प्रयोग र प्रभाव देशको आफ्नै क्षमतामा भर पर्छ । छिमेकी देश भारत र चीनले आफ्नो कुल गार्हस्थ्य उत्पादनको झन्डै क्रमशः ८० र ८५ प्रतिशत सार्वजनिक ऋण प्रयोग गरेका छन्। विश्वका अरु मुलुकहरुले पनि यो हिस्सा बढाउँदै लगेका छन् । आवश्यक परेको बेला वा अर्थतन्त्र समस्याबाट गुज्रिएको बेला एकै वर्षमा यो हिस्सा २० प्रतिशतभन्दा पनि बढी बढाउन सक्दा रहेछन् भन्ने तथ्यको साक्षी अमेरिका, बेलायत र जापानजस्ता मुलुक रहेका छन् भने नेपालले पनि ३४ प्रतिशतबाट बढाएर ४३ प्रतिशतमा पुऱ्याएकै हो। नेपालको यो हिस्सा सन् २००३ मा ५३ प्रतिशत पुगेकै थियो । यसकारण नेपालजस्तो देशको विकासको लागि कुल गार्हस्थ्य उत्पादनलाई दृष्टिगत गरेर त्यसैको सीमामा रही वैदेशिक र आन्तरिक ऋण लिनेतर्फ चिन्तनका साथ अग्रसर रहनु आजको राष्ट्रको अपरिहार्यता हो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# पोस्ट ग्रेजुएट विद्यार्थीलाई निजीभन्दा सरकारमा बढी कोटा दिइन्छ : शिक्षामन्त्री

काठमाडौं- चिकित्सा शिक्षा आयोगको बैठकले सरकारी र निजी क्याम्पसका लागि पोस्ट ग्रेजुएट अध्ययन गर्ने विद्यार्थीको कोटा निर्धारण गरेको छ।

आइतबार सिंहदरबारमा बसेको आयोगको बैठकले पिजी अध्ययनका लागि विद्यार्थीको कोटा निर्धारण गरेको हो । बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले बैठकमा पोस्ट ग्रेजुएट अध्ययन गर्ने विद्यार्थी कुन कलेजलाई



कति सिट दिने भन्नेबारे छलफल भएको बताए।

सरकारी क्याम्पसलाई एक हजार भन्दा बढी र निजीलाई एक हजार भन्दा केही कम दिनेगरी विभाजन गरिएको उनको भनाइ छ। सरकारको यस निर्णयबारे सबै खुशी रहेको बताए । 'चिकित्सा शिक्षा आयोगको बैठकमा पोस्ट ग्रेजुएट पढ्ने विद्यार्थीहरूको कुन कलेजलाई कति सिट दिने भन्नेकुरामा छलफल भयो। करिब सरकारी कलेजलाई हजार भन्दा अलि बढी र निजीलाई हजार भन्दा अलिकति कम सिट विभाजन गरिएको छ, उनले भने । आइतबार आयोगका अध्यक्ष समेत रहेका प्रधानमन्त्री सुशीला कार्कीको अध्यक्षतामा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा शिक्षा आयोगको बैठक बसेको हो ।

# कात्तिकको झरीले धानबालीमा साढे २ अर्ब बढीको नोक्सानी

काठमाडौं- १५ देख १७ कात्तिकसम्म भएको बेमौसमी वर्षाका कारण धानबालीमा ठूलो क्षति पुगेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रतिवेदनले देखाएको छ।

प्रतिवेदन अनुसार बेमौसमी वर्षाले देशभरि २० हजार १ हेक्टर धान खेती गरिएको क्षेत्रफललाई प्रत्यक्ष प्रभावित पारेको छ। यसबाट करिब ७५ हजार ६ सय ७४ टन धान उत्पादनमा कमी आएको प्रारम्भिक अनुमान छ।

यस उत्पादन ह्रासका कारण मुलुकलाई २ अर्ब ६६ करोड ४१ लाख २४ हजार रुपैयाँ बराबर आर्थिक नोक्सानी भएको आकलन मन्त्रालयको छ।

जिल्लागत हेर्दा झापामा धानबालीमा सबैभन्दा बढी प्रभावित भएको छ। यस जिल्लामा करिब ४ हजार ३ सय ६४ हेक्टर धान खेतीको क्षेत्रफलमा क्षति पुगेको तथ्यांक छ। बर्दियामा भने तुलनात्मक रूपमा कम क्षति भएको छ, जहाँ ५ हेक्टर क्षेत्रफलमा मात्र धानबालीमा असर परेको प्रतिवेदनमा उल्लेख छ।

बेमौसमी वर्षाबाट कोशी प्रदेश सबैभन्दा बढी प्रभावित देखिएको छ। झापा, मोरङ, सुनसरी, उदयपुर, इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुम, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा र संखुवासभा लगायत १४ जिल्लामा १२ हजार ४ सय ३२ हेक्टर धानबाली प्रभावित भएको छ।



यसबाट ५६ हजार २ सय ६७ टन धान उत्पादनमा कमी आउने र २ अर्ब १ करोड ४३ लाख ६७ हजार बराबर आर्थिक नोक्सानी भएको प्रतिवेदनमा उल्लेख छ।

मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्लामा ४ सय १६ हेक्टर क्षेत्रफलमा धानबालीमा क्षति पुगेको छ। यसबाट १ हजार २ सय ९७ टन धान उत्पादनमा ह्रास आउने र ४ करोड १३ लाख ३८ हजार रुपैयाँ बराबर नोक्सानी भएको छ।

बागमती प्रदेशका काभ्रेपलाञ्चोक, चितवन, दोलखा, धादिङ, नुवाकोट, मकवानपुर, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र सिन्धुली गरी १० जिल्लामा ६ हजार ६६ हेक्टर धान खेती प्रभावित भएको छ। यसबाट १३ हजार ७ सय ३० टन धान उत्पादन घटेको छ भने ४ करोड ५३ लाख ५३ हजार बराबर आर्थिक क्षति भएको छ।

गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा १ सय ११ हेक्टर क्षेत्रफल धानबालीमा क्षति पुगेको छ। यसबाट ५ सय २१ टन धान उत्पादनमा कमी आएको छ र १ करोड ८० लाख ६१ हजार बराबर आर्थिक नोक्सानी भएको छ।

लुम्बिनी प्रदेशका रुपन्देही, नवलपर ासी, कपिलवस्तु, बर्दिया, पाल्पा र अर्घाखाँचीमा ५ सय ९६ हेक्टर धानबाली प्रभावित भएको छ। यसबाट ३ हजार ८ सय ५८ टन धान उत्पादनमा ह्रास आएको र १३ करोड ६८ लाख २३ हजार बराबर आर्थिक नोक्सानी भएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ।

## रामेछाप डायरी

# रामेछापका आधारभूत विद्यालयहरूमा विद्यार्थीको अभाव, विद्यालय टिकाउनै समस्या

आजभन्दा १०/१२ वर्ष अघिसम्म रामेछाप जिल्लामा रहेका आधारभूत विद्यालयहरुमा विद्यार्थीको चाप थियो । एउटा विद्यालयमा थोरैमा पनि २ देखी ३ सयको हाराहारीमा विद्यार्थीहरु अध्यन गर्थे। एउटै कक्षामा ३ वटासम्म सेक्सन बनाएर विद्यार्थी पढाएको सम्झनुहुन्छ रामेछाप नगरपालिका ७ मा रहेको आवि मुडेखोलाका प्रधानाध्यापक प्रेम कुमार श्रेष्ठ । रामेछापका मात्रै नभएर आवि मुडेखोलामा सिन्धुलीको वितिजोरदेखीका विद्यार्थीहरु अध्यनको लागी आउने गर्थे। विद्यालयमा कक्षाकोठा व्यवस्थापनको निकै समस्या पर्थ्यो त्यो बेला।

धेरै विद्यार्थीहरुलाई ज्ञानको ज्योति बाँडेको आवि मुडेखोला अहिले विद्यार्थी अन्धकारमा छ। पर्याप्त कक्षा कोठा,डेस्क बेन्च भएर पनि विद्यार्थी नहुँदा विद्यालय नै सुनशान छ। आवि मुडेखोलामा अहिले ११ जना विद्यार्थी मात्रै अध्यनरत छन। कक्षा ५ सम्म पठनपाठन हुने यो विद्यालयमा कक्षा ४ र ५ विद्यार्थी अभावमा बन्द छ। कक्षा ३ सम्म निकै कम संख्यामा विद्यार्थी छ। अहिले यो विद्यालय जोगाउनै समस्या परेको प्रधानाध्यापक श्रेष्ठ बताउँछन । उनी भन्छन्,'अहिले विद्यालयको अवस्था देखेर आफैलाई दया लागेर आउँछ। यता नजिकै अरु कुनै विद्यालय नहुँदा,गाउँमा जति बालबालिका छन उनिहरुका लागी भएपनि विद्यालय चलिरहेको छ।'

सुकाजोरकै गैँयाश्वरी आधारभूत विद्यालयमा कुनै समय विद्यार्थीको थेगिनसक्नुको भिड हुन्थ्यो । विद्यार्थीले भरिभराउ हुने यो विद्यालय पनि अहिले बन्द हुने अवस्थामा पुगेको छ । सुविधा सम्पन आधुनिक भौतिक संरचना भएपनि विद्यार्थीको कमीले विद्यालयमा कुनै रौनकता छैन । यो विद्यालय नजिकै अन्य विद्यालयहरु भएका कारणले पनि विद्यार्थी संख्यामा कमी आएको हुन सक्ने विद्यालयका प्रधानाध्यापक ईन्दु कुमारी बस्नेतले बताईन । 'यहाँबाट आधा घण्टाको दुरीमा दुई वटा विद्यालय छन। सबै विद्यार्थी त्यतै जान्छन्।' उनले भनिन्।

रामेछाप जिल्लाका सबै आधारभूत विद्यालयहरूमा पछिल्ला वर्षहरूमा विद्यार्थी संख्या निरन्तर घट्दै गएको छ। जनसङ्ख्या वृद्धि नभएको, अभिभावकको शहरतिर आकर्षण बढेको तथा निजी विद्यालयतर्फको झुकावका कारण ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरू झनै संकटमा परेको रामेछाप नगरपालिका ७ का विष्णु बहादुर महताराले बताए। गाउँबस्ती बसेका अधिकांश अभिभावक रोजगार, उपचार या अन्य कारणले परिवारसहित सदरमुकाम वा बाहिरी जिल्लातर्फ सर्ने गरेको उनी बताउँछन्। यसका कारण पहाडी दुर्गम बस्तीका विद्यालयमा कक्षा १ देखी ५ सम्मका कक्षामा विद्यार्थी निकै कम मात्र देखिन्छन्। कतिपय विद्यालयमा त कक्षा सञ्चालनका लागि आवश्यक न्यूनतम विद्यार्थी संख्या समेत नपुगेको रामेछाप रजयछापका विनोद कुमार श्रष्ठले बताए।

शिक्षकको हाजिरी, शैक्षिक गुणस्तर सुधार तथा डिजिटल सामग्री अभावजस्ता समस्या यथावत रहँदा अभिभावकले आफ्ना बालबच्चालाई निजी तथा सहरका विद्यालय भेज्ने गरेको देखिन्छ। विद्यार्थी घट्दै जाँदा विद्यालय शक्तिकेन्द्र एकीकृत गर्नुपर्ने, कक्षाहरू संयोजन गर्नुपर्ने जस्ता चुनौती पनि बढ्न थालेका छन्। स्थानिय तहहरुले गाउँका विद्यालयमा विद्यार्थी संख्या बढाउने गरी कुनै खास योजना तथा कार्यक्रम ल्याउन नसकेको रामेछाप सिम्लेका नविन मगरले बताए । उनी भन्छन्,'जबसम्म गाउँमै रोजगारीको अवसर सृजना हुँदैन,गुणस्तरीय शिक्षाको ग्यारेन्टि हुँदैन तबसम्म विद्यालयहरुको अवस्था यस्तै रहन्छ ।' उनी थप्छन, 'शिक्षामा लगानी धेरै भएपनि त्यो बालुवामा पानी हाले सरह भएको छ।'

रामेछाप नगरपालिकाले विद्यालय शिक्षा योजना बनाएर काम गरिरहेको बताएको छ। तर नगरका धेरै विद्यालयमा विद्यार्थी नै छैन्न । नगरपालिकाले मेगा विद्यालय संचालन गरेर विद्यार्थी संख्या बृद्धिसँगै गुणस्रीय शिक्षा प्रदान गर्ने योजना त बनायो तर त्यो योजना अहिले अलपत्र बनेको छ। रामेछाप नगरपालिका प्रमुख लबश्री न्यौपाने भन्छन् 'शिक्षा क्षेत्रमा परिवर्तन ल्याउन धेरै प्रयास गरिएको छ । अहिले गरेको काम १० वर्षपछि देखिन्छ ।' उनि थप्छन,'शिक्षामा गरेको लगानी अहिले तत्कालै खोजेर काहाँ पाईन्छ ? नगरपालिकामा सेतो गुँरास र हिमाली नविन समाज जस्ता संस्थाले आधारभूत विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिको लागी काम गरिरहेको छ।



# तोकिएकै मितिमा चुनाव हुनुपर्छ : प्रचण्ड

विराटनगर- नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्डले सरकारले तोकिएकै मितिमा निर्वाचन गर्नुपर्नेमा जोड दिएका छन्।

पार्टी एकतापछि नेकपाले सन्देशसभा आयोजना गरेर चुनावी वातावरण निर्माण गरिरहेको बताउँदै उनले २१ फागुनमै चुनाव हुनुपर्ने बताएका हुन्।

'सरकार गठनमा हाम्रो पनि भूमिका छ, सरकारले बुझोस् कुनै आग्रह पूर्वाग्रह नराखोस्, तोकिएकै मितिमा चुनाव हुनुपर्छ, उनले भने।

उनले आन्तरिम सरकारका मन्त्रीलाई दीर्घकालीन असर पर्ने काम नगर्न आग्रह समेत गरे। दीर्घकालीन काम गर्ने म्यान्डेट सरकारलाई नरहेको उनको भनाइ छ।

उनले देशको वर्तमान समस्य समाधानका लागि लोकतान्त्रिक पार्टीलाई सहकार्यका लागि आग्रह गरेका छन् । नेपालको शान्ति प्रक्रियामा कम्युनिस्ट र लोकतान्त्रिक पार्टी मिलेर अघि बढाएको बताउँदै उनले जेनजी आन्दोलनपछिको परिस्थितिको निकासका लागि सहकार्य गर्नुपर्ने बताएका हुन्।

# समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाडौं- २०७९ मंसिर १५ । आगामी २०७९ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणाली का लागि आवश्यक निर्वाचन अधिकृतको कार्यालय आज निर्वाचन आयोग, बहादुर भवन, कान्तिपथमा स्थापना गरिएको छ।

एक विशेष समारोहबीच कार्यवाहक प्रमुख निर्वाचन आयुक्त राम प्रसाद भण्डारीले उक्त कार्यालयको उद्घाटन गरे। आयोगको मिति २०८२ मंसिर १२ गतेको निर्णयअनुसार समानुपातिकतर्फका निर्वाचन अधिकृतका रूपमा तोकिएका आयोगका सचिव महादेव पन्थले आजदेखि नै आफ्नो जिम्मेवारी सम्हालेका छन् । त्यसैगरी, सहायक निर्वाचन अधिकृत का रूपमा आयोगका सहसचिव यज्ञ प्रसाद भट्टराईलाई तोकिएको छ । समानुपातिक व्यवस्थापनका लागि कुल ४१



कर्मचारी खटाइने आयोगले जनाएको छ । उद्घाटन समारोहमा बोल्दै प्रमुख निर्वाचन आयुक्त भण्डारीले सबै समानुपातिक गतिविधिहरू यही कार्यालयबाट सञ्चालन हुने भएकाले सरोकारवालालाई सहज हुने विश्वास व्यक्त गरे । उनले राष्ट्रिय तथ्यांक कार्यालयको सहयोगमा कानुनअनुसार जातीय, भौगोलिक, लैङ्गिक आदि समूहबाट प्रतिनिधि चयन गरिने बताउने गर्दै निर्वाचनप्रति सबै पक्षको भरोसा रहने विश्वास व्यक्त गरे । कार्यक्रममा निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर, सगुन शम्शेर ज.ब.रा. तथा अन्य अधिकारीहरूको उपस्थिति थियो ।

यसैगरी, आजै अर्थमन्त्री रामेश्वर प्रसाद खनाल र कानुनमन्त्री अनिल कुमार सिन्हाले प्रमुख निर्वाचन आयुक्त तथा आयुक्तहरूसँग आसन्न निर्वाचनका विषयमा पूर्वतयारी र आवश्यक सरकारी सहयोग सम्बन्धी छलफल गरेका छन् । छलफलमा अर्थमन्त्री खनालले निर्वाचनका लागि आवश्यक बजेटको अभाव हुन नदिने प्रतिबद्धता जनाए ।

त्यसैगरी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी पनि सम्हालेका कानुनमन्त्री सिन्हाले निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक कानूनी सहायता उपलब्ध गराइने बताए । साथै, निर्वाचन प्रक्रियामा स्वदेशी वस्तु र उत्पादनको प्रयोग गर्ने आग्रहसमेत गरे ।

उक्त छलफल र तयारीहरूले आगामी प्रतिनिधि सभा तथा राष्ट्रिय सभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न थप सहजीकरण भएको आयोगले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १९,
२०८२ साल मंसिर १६ गते मंगलबार
2 DECEMBER 2025, TUESDAY

**सिंगटी हाईड्रोको मुख्य लगानी**

# कुमारी बैंकको अगुवाइमा नारखोलामा ५ बैंकले लगानी गर्ने

काठमाडौं- कुमारी बैंकको अगुवाइमा सिंगटी हाइड्रोको मुख्य लगानी हुने गरि मनाङ्गमा ६१.११ मोगावाटको नार खोला जलविद्युत आयोजना निर्माणका लागि वित्तिय ऋण लगानीसम्झौता सम्पन्न भएको छ ।

सोमबार आयोजित एक कार्यक्रममा नार खोला हाइड्रो इनर्जी प्रा.लि.का अध्यक्ष बटु लामिछाने र कुमारी बैंकका प्रमुख क्षेत्रीय कर्जा अधिकृत अर्पण पोखरेलले संयुक्त रुपमा हस्ताक्षर गर्दै वित्तिय व्यवस्थापन टुंगाएका हुन् ।

मनाङ्ग स्थित नार्पा भूमि र नासौँ गाउँपालिकामा रहेको नार खोला र सोती खोलाको पानीलाई एकिकृत गरि ६१.११ मेगावाटको जलविद्युत आयोजना निर्माण प्रकृया अघि बढाइएको हो । आयोजनाको प्रवर्द्धक कम्पनी नार खोला हाइड्रो इनर्जी प्रा.लि.ले आयोजना निर्माणका लागि सबै प्रकृया पूरा भएको जनाएको छ । नेपाल विद्युत प्राधिकरणसँग यस अघि नै विद्युत खरिद सम्झौता (पिपिए) भैसकेको उक्त आयोजना, कुमारी बैंकको अगुवाई तथा नेपाल एसबिआई बैंकको सह-अगुवाईमा कृषि विकास बैंक, एन आइ सी एसिया बैंक



र मुक्तिनाथ विकास बैंक सदस्य बैंकको रुपमा लगानी गर्ने गरी वित्तिय व्यवस्थापन टुङ्गिएर सोमबार हस्ताक्षर भएको हो ।

नार खोला जलविद्युत आयोजनाको ग्रेस हेड ५८८.८२ मिटर रहने र वार्षिक ३६६.४८ गिगावाट विद्युत उत्पादन हुनेछ । आयोजनाको हेडरेस टनेल लगभग ८ किलोमिटर रहेको छ । आयोजनाको बाँध तथा हेडवर्कका संरचनाहरु नार्पा भूमि गाउँपालिकामा हुने, उक्त बाँधस्थलबाट नार्पा भुमि र नासौँ गाउँपालिका हुँदै आएको सुरुङमार्ग मार्फत पेनस्टक पाईपको प्रयोग गरि नासौँ गाउँपालिकामा रहको विद्युत गृहमा पानी पठाई बिजुली उत्पादन गरिने छ । आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणको मनाङ्गस्थित निर्माणाधीन धारापानी सवस्टेशनमा जोडिने छ ।

कुल लागत १२ अर्ब ८४ करोड रहेको यस आयोजनामा बैंकको कर्जा ९ अर्ब ६३ करोड र स्वपुजी ३ अर्ब २१ करोड रहेको छ, जस मध्य सिंगटी हाईड्रो ईनर्जी लिमिटेडको मुख्य लगानी रहने कम्पनीले जनाएको छ ।

# एन आई सी एशिया बैंकका ग्राहक ग्राहाकलाई दृष्टि आई केयर सिष्टममा २० प्रतिशतसम्म छुट

काठमाडौं- एन आई सी एशिया बैंकका ग्राहकहरुले दृष्टि आई केयर सिष्टममा सेवा लिँदा विशेष छुट उपलब्ध हुने भएको छ ।

काठमाडौंमा रहेको दृष्टि आई केयरमा उपलब्ध विभिन्न सेवाहरु उपयोग गरी डिजिटल भुक्तानी गर्दा २० प्रतिशतसम्म छुट प्राप्त गर्न हुने गरि उक्त सम्झौता मंसिर १६ गते भएको हो ।

यस हस्पिटलमा आँखा, नाक, कान तथा घाँटी सम्बन्धी उपचार गर्दा छुट सुविधा प्राप्त गर्न सकिने छ भने । इएनटी एण्ड जेनेरल सर्भिस अन्तर्गत ओपिडिमा २० प्रतिशत तथा इनभेस्टिगेसनमा १० प्रतिशत छुट प्राप्त गर्न सकिने छ ।

साथै, आँखा उपचार गर्दा ओपीडी जेनेरलमा २० प्रतिशत, अप्रेसन चार्ज, सुगर प्याकेज तथा इनभेष्टिगेसनमा ५ प्रतिशत, ल्याबोरेटोरीमा १० प्रतिशत र अप्टिकल



प्रोडक्टसमा ७.५ प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नुहुनेछ । यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एप मार्फत भुक्तानी गर्नुपर्ने छ । उक्त हस्पिटलसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई स्वास्थ्य उपचारमा सहयोग हुनुको साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# नेपाल लाइफद्वारा भौतिक पूर्वाधार पुर्ननिर्माण कोषमा रु. १ करोड ५० लाखको सहयोग



काठमाडौं- नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडले भौतिक पूर्वाधार पुर्ननिर्माण कोषमा रु. १ करोड ५० लाख सहयोग प्रधान गरेको छ ।


नेपाल सरकारद्वारा स्थापना गरिएको यो कोषमा मंसिर १५ गते अर्थ मन्त्रालयमा आयोजित एक विशेष समारोहमा उक्त सहयोग गरेको हो ।

१ करोड ५० लाख रुपैयाँको चेक माननीय अर्थ मन्त्री रामेश्वर प्रसाद खनाललाई कम्पनिका संचालक समितिका अध्यक्ष गोविन्द लाल संघई, संचालक कमलेश कुमार अग्रवाल र कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले संयुक्त रूपमा हस्तान्तरण गरेका हुन् ।

गत भाद्र २३ र २४ गते भएको जेनजी प्रदर्शन र आन्दोलनको क्रममा देश भरीका सार्वजनिक भौतिक संरचनामा भएको क्षतिको पुर्ननिर्माण, आर्थिक पुनरुत्थान तथा राहत लगायत कार्यको लागि नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले भौतिक पूर्वाधार पुर्ननिर्माण कोषमा १ करोड ५० लाख रुपैयाँ सहयोग प्रदान गरेको हो । कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त सहयोग रकम उपलब्ध गराएको हो ।

उक्त हस्तान्तरण समारोह समारोहमा बोल्दै यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री गोविन्द लाल संघईले नेपाल लाइफले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको बताउनुभयो । जेनजी प्रदर्शन र आन्दोलनको क्रममा सार्वजनिक भौतिक संरचनामा ठूलो क्षति पुगेको र यसको पुननिर्माणमा सहयोग गर्न पाउँदा आफू हर्षित भएको बताउनुभयो । आगामी दिनहरूमा पनि यस किसिमको सहयोग प्रदान गर्न कम्पनी तत्पर रहेको प्रतिबद्धता समेत व्यक्त गर्नभयो । नेपाल सरकारले आर्थिक सामाजिक भौतिक रूपान्तरणका लागि सञ्चालनमा ल्याउने विभिन्न कार्यक्रमहरुमा सहयोग गर्न कम्पनी तत्पर रहेको र त्यसका निम्ति पहल गर्दिनका निम्ति समेत आग्रह गर्नभयो । माननीय अर्थमन्त्री रामेश्वर प्रसाद खनालले नेपाल लाइफले प्रदान गरेको सहयोगका निम्ति धन्यवाद ज्ञापन गर्नभयो । नेपालको पूर्वाधार विकासमा यस किसिमको सहयोग टेवा पुऱ्याउने र आगामी दिनमा पनि यस प्रकारको सहयोगको अपेक्षा रहेको बताउनुभयो ।

# जिप्सम बोर्ड अब नेपालमा नै उत्पादन गरिंदै



विराटनगर- नेपालमा पहिलोपटक जिप्सम बोर्डको व्यावसायिक उत्पादन हुने भएको छ ।

भवन तथा विभिन्न पूर्वाधारमा फल सिलिङ, पार्टेसन, लगायत कार्यमा प्रयोग हुने जिप्सम बोर्डको उत्पादन गर्ने उद्योग नेपालमा हालसम्म नरहेकामा अरिहन्त इन्फ्रास्ट्रक्चर लिमिटेडले हात हाल्न लागेको हो ।

दुई वर्षदेखि निमाटो ब्रान्डमा टाइल्स उत्पादन गरिरहेको विराटनगरको अरिहन्त ग्रुप अफ कम्पनीज अन्तर्गतको अरिहन्त इन्फ्रास्ट्रक्चर लिमिटेडले जिप्सम बोर्ड उत्पादनका लागि अहिले धमाधम काम गरिरहेको छ ।

कम्पनीले कारखाना परिसरमा छुट्टै युनिट तयार गरी मेसिन जडान गरिरहेको छ । मेसिन जडानको काम अन्तिम चरणमा पुगेको कम्पनीका निर्देशक जयेश लुनियाँले जानकारी दिए ।

उनका अनुसार कम्पनीले थप ५० करोड लगानी गरी जिप्सम बोर्ड उत्पादन गर्न लागेको हो । उद्योग आगामी पुसको पहिलो हप्ताभित्र व्यावसायिकरूपमा जिप्सम बोर्ड उत्पादन गर्ने योजनामा छ ।

'कुनै बेला आयातित टाइल्स नेपालको खुद्रा बजारमा सामान्यतया प्रति वर्गफिट ३०० रुपैयाँमा बिक्री हुन्थ्यो । अहिले नेपालमा नै उत्पादनका कारण १२० रुपैयाँमा पाइन थालेको छ । मूल्य सस्तिएका कारण उपभोक्ताले टाइल्स प्रयोग गर्ने क्रम बढेको छ । हामीले उत्पादन थालेपछि जिप्सम बोर्डको हकमा पनि त्यही हुन्छ,' उद्योगी लुनियाँले भने ।

विराटनगरमा जिप्सम बोर्डका आयातकर्ता एवम् सप्लायर लोकेश अग्रवालका अनुसार अहिले पूर्वमा भारत र समुद्रपारका मुलुकबाट आयातित जिप्सम बोर्ड बिक्री हुने गरेको छ ।

व्यवसायी अग्रवालले भारतीय जिप्सम बोर्ड प्रति गोटा ६५० देखि ७५० रुपैयाँ र समुद्रपारबाट आयातित जिप्सम बोर्ड प्रति गोटा ८०० देखि ९०० रुपैयाँमा बिक्री गरिरहेका छन् । सामान्यतया जिप्सम बोर्डको लम्बाइ ६ फिट र चौडाइ ४ फिट हुन्छ ।

अरिहन्तका सञ्चालक लुनियाँले आफ्नो उद्योगले उत्पादन गर्ने जिप्सम बोर्डको मूल्य अहिलेको बजार भाउ भन्दा ५० प्रतिशतसम्म सस्तो हुने बताए । मूल्य आधा सस्तो हुने भएकाले आफ्नो उत्पादनले बजार लिनेमा लुनियाँ विश्वस्त छन् ।

उनले अरिहन्त इन्फ्रास्ट्रक्चरका टाइल्स देशभर १ हजार पसलबाट बिक्री भइरहेको भन्दै जिप्सम बोर्ड पनि तिनै पसलमा उपलब्ध हुने बताए ।

भन्सार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्षमा १ अर्ब १८ करोड रुपैयाँको जिप्सम बोर्ड आयात भएको तथ्यांक छ । जसमध्ये सबैभन्दा बढी भारतबाट ८८ करोड र त्यसपछि चीनबाट १६ करोडको आयात गरिएको हो ।

व्यवसायीले आयात गर्दा न्यून बिजकीकरण गर्ने हुँदा नेपालमा यसको आयात र कारोबारको वास्तविक मूल्य २ अर्बभन्दा बढीको रहेको अनुमान छ ।

जिप्सम बोर्ड आयात गर्दा साफ्टाअन्तर्गत ७.२५ प्रतिशत महसुल, १० प्रतिशत अन्तःशुल्क र भ्याट गरी भन्सार विन्दुमा कुल ३३.३१ प्रतिशत राजस्व तिर्नुपर्छ ।

त्यस्तै साफ्टाइतरको आयातमा महसुल १५ र अन्तःशुल्क १० प्रतिशत तथा भ्याट समेत गरी जम्मा ४२.९५ प्रतिशत राजस्व बुझाउनुपर्छ ।

'हामी अन्तर्राष्ट्रियस्तरको जिप्सम बोर्ड उत्पादन गर्नेछौँ र आयातितभन्दा आधा सस्तो पर्नेछ । जसले गर्दा आयात प्रतिस्थापन हुने विश्वास छ,' लुनियाँले भने ।


अरिहन्त इन्फ्राले मार्बल साइजको टाइल्स पनि उत्पादन गर्न लागेको छ । उद्योगले हाल १२ बाई १८ इन्च र २ बाई ४ फिटका टाइल्स उत्पादन गरिरहेको छ ।

'अब उत्पादन हुने टाइल्स ४ बाई ८ फिटका हुनेछन् । यी टाइल्स मार्बलको साइजका हुन् र यी उत्पादनलाई भारत र मध्यपूर्वका ओमन, कतार, दुबई, साउदी अरेबिया लगायत मुलुकमा निर्यात गर्ने तयारी भइरहेको छ,' उनले सुनाए ।

अरिहन्तले अन्तर्राष्ट्रिय क्षेत्रमा टाइल्स निर्यात गर्न फिनिसिङमा ध्यान दिनुका साथै लगानी थपेको छ । विराटनगरस्थित आइसीपीबाट अब कुनै पनि वस्तु रेल कार्गोमार्फत बन्द कन्टेनरमा निर्यात गर्न सकिने भएकाले अरिहन्तका सञ्चालकले यो सुविधा उपयोग गर्न खोजिरहेका छन् ।

यसो भएमा निर्यात सामग्री सडकमार्ग प्रयोग गरेर कोलकाता बन्दरगाहसम्म पुऱ्याउनु पर्ने झन्झट हुनेछैन । रेलमार्गमार्फत हुने ढुवानीमा सडकमार्गमा जस्तो सामान फुट्ने र हराउने समस्या हुँदैन ।

# गुण एयरलाइन्सले ११ विमानस्थललाई बुझाउनुपर्ने बक्यौता ३ करोड ४७ लाख रुपैयाँ



काठमाडौं- करिब तीन वर्षदेखि उडान बन्द रहेको गुण एयरलाइन्सले नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई साढे ३ करोड रुपैयाँ बुझाउन बाँकी देखिएको छ ।

गुणले त्रिभुवन विमानस्थल र अरु १० विमानस्थललाई ३ करोड ४७ लाख ३९ हजार रुपैयाँ बुझाउन बाँकी रहेको देखिएको हो । त्यसमध्ये सबैभन्दा धेरै ३ करोड १२ लाख २७ हजार रुपैयाँ त्रिभुवन विमानस्थललाई बुझाउनुपर्ने रकम हो ।

यस्तै गौतम बुद्ध विमानस्थललाई ८ लाख १० हजार, पोखरा विमानस्थललाई ८ लाख ५९ हजार, नेपालगन्ज विमानस्थललाई ९२ हजार, सिमरा विमानस्थललाई ७० हजार, जनकपुर विमानस्थललाई ३८ हजार, भरतपुर विमानस्थललाई ७२ हजार, विराटनगर विमानस्थललाई ७ लाख ७२ हजार, लुक्ला विमानस्थललाई २ लाख ४२ हजार, सिमकोट विमानस्थललाई १ लाख ८५ हजार र तुम्लिङटार विमानस्थललाई ३ लाख ६७ हजार रुपैयाँ बक्यौता तिर्न बाँकी रहेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए ।

आर्थिक संकटका कारण गुणले २०७९ फागुन १ गतेदेखि उडान बन्द गरेकामा पाइलट र कर्मचारीलाई तलब नदिएको भन्दै क्यानले फागुन ८ गते कम्पनीका सबै जहाज ग्राउन्डेड गरिदिएको थियो । त्यसयता गुणले उडान सञ्चालन गरेको छैन ।

गुणले क्यानसँग अहिले उडान सञ्चालन अनुमति (एओसी) मागेको छ । कम्पनीसँग ५ वटा जेटस्ट्रिम र २ विचक्राफ्ट रहेकामा सुरुमा विचक्राफ्टमार्फत मात्र उडान गर्ने योजना छ । कम्पनीले जेट स्ट्रिम जहाज बेच्न चाहेको छ । गुणले जेटस्ट्रिम जहाज २०७८ मा यती एयरलाइन्ससँग किनेको थियो ।

# हुलास फिनसर्भको वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं- कर्जा प्रदायक कम्पनी हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडको वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

सभामा संचालक समितिकाअध्यक्षले प्रस्तुत गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन, तथा नाफा-नोक्सान, नगद प्रवाह विवरण सहितका वित्तीय प्रतिवेदनहरू माथि विस्तृत छलफल गरि सर्वसम्मतिले स्वीकृत गरिएको कम्पनीले जनाएको छ ।



यस्तै, सभाले आर्थिक वर्ष २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति, संचालक समिति सदस्यहरुको पुनर्नियुक्ति, तथा सभाको निर्णयमा हस्ताक्षर गर्ने सेयरधनी प्रतिनिधिको मनोनयनसमेत अनुमोदन गरेको छ । साथै, सार्वजनिक निष्कासन सम्बन्धी विशेष प्रस्ताव पनि सभाबाट पारित भएको कम्पनीले जनाएको छ ।

साधारण सभा मार्फत हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडले आम सर्वसाधारणलाई सहज तथा सुलभ कर्जा सुविधा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# युरोपमा अड्किएको नेपाली छुर्पी, अमेरिकामा भने माग उचाइमा



काठमाडौं - हिमाली गोठदेखि विश्वका विभिन्न मुलुकसम्म नेपालको पहिचान बोकेको परिकार छुर्पी ले पछिल्ला वर्षहरूमा उल्लेखनीय रूपमा निर्यात वृद्धि गरे पनि युरोपेली बजारमा भने अझै पूर्ण व्यावसायिक पहुँच बनाउन सकेको छैन ।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा नेपालबाट २७ देशमा छुर्पी निर्यात भएको भए पनि युरोपमा भने सीमित परिमाणमा मात्रै निर्यात सम्भव भएको छ । खोरेत रोग (ँययत बलम :यगतज म्ष्कभबकभ-ःँम) मुक्त प्रमाणपत्रको अभाव, गुणस्तर प्रमाणीकरण तथा पूर्वाधार कमजोर हुनु युरोप प्रवेशको मुख्य बाधा बनेको व्यवसायीहरू बताउँछन् ।

भन्सार विभागका अनुसार चालु आवको पहिलो चार महिनामा युरोपेली देशहरूमा ४३ हजार ५ सय ९७ किलो (साढे ४३ टन) छुर्पी निर्यात भएको छ, जसको मूल्य ४ करोड ७० लाख ९५ हजार रुपैयाँ बराबर छ । जर्मनी, बेलायत, चेक गणतन्त्र, डेनमार्क, फ्रान्स, ग्रिस, इटाली, नेदरल्यान्ड्स र स्लोभाकिया युरोपेली गन्तव्य मुलुक हुन् ।

तर, अमेरिका नेपाली छुर्पीको सबैभन्दा ठूलो बजार बनेको छ । सोही अवधिमा अमेरिकामा मात्रै ४ लाख ९४ हजार ७ सय २५ किलो (४ सय ९४ टन) छुर्पी निर्यात भएको छ, जसको मूल्य ८६ करोड ८२ लाख ४१ हजार रुपैयाँ बराबर छ । क्यानडामा २ लाख ३ हजार १ सय ५७ किलो छुर्पी निर्यात भएको छ ।

पहिला मानव उपभोगका लागि मात्र उत्पादन हुँदै आएको छुर्पी पछिल्लो एक दशकयता कुकुरको आहारका रूपमा अन्तर्राष्ट्रिय बजारमा अत्यधिक लोकप्रिय बनेको छ । हाल कुल निर्यातको ९० प्रतिशतभन्दा बढी अमेरिका केन्द्रित रहेको व्यवसायीहरू बताउँछन् ।

मनराम समूह अन्तर्गतको मनराम हिमालयन ह्यान्डिक्राफ्ट नेपालकै सबैभन्दा ठूलो छुर्पी उत्पादक तथा निर्यातकर्ता हो । समूहका लजिस्टिक तथा पीआर निर्देशक एवं छुर्पी व्यवसायी संघ अध्यक्ष रेशम पोखरेलका अनुसार उत्पादन र निर्यात दुवै बर्सेनि बढ्दो क्रममा छ । ञ“अमेरिकामा ठूलो परिमाणमा निर्यात सम्भव भए पनि युरोपका लागि आवश्यक एफएमडी-मुक्त प्रमाणपत्र नहुँदा व्यावसायिक निर्यात हुन सकेको छैन,” पोखरेल भन्छन् ।

पछिल्लो १० वर्षको तथ्यांकअनुसार आव २०७१/७२ मा २ लाख ७५ हजार किलो छुर्पी निर्यात भएकोमा आव २०८१/८२ मा बढेर १८ लाख ९९ हजार किलो पुगेको छ । निर्यात मूल्य पनि १८ करोड रुपैयाँबाट बढेर ३ अर्ब ४९ करोड रुपैयाँ नाघेको छ ।

चालु आव २०८२/८३ को साउन-कात्तिकसम्म मात्रै ८ लाख ६७ हजार ६ सय ८१ किलो छुर्पी निर्यात भइसकेको छ, जसको मूल्य १ अर्ब ३ करोड रुपैयाँभन्दा बढी छ ।

छुर्पी उत्पादन दूध उपलब्धतामा निर्भर रहने भए पनि ठूलो मास फार्मको अभाव, लम्पी स्किन रोग र किसानस्तरमै दूध खपत हुने प्रवृत्तिले उत्पादन प्रभावित भएको व्यवसायीहरूको गुनासो छ ।

निर्यात व्यवसायी महासंघ नेपालका अध्यक्ष गोविन्दप्रसाद घिमिरेका अनुसार सरकारी अनुदान रोकिएको, सहुलियत ऋण नपाइएको र अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला अभाव ले व्यवसायीहरू थप समस्यामा परेका छन् ।

नेपाल पशु चिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोजकुमार शाहीका अनुसार युरोपजस्ता ठूला बजारमा प्रवेशका लागि जोनिङ एन्ड कम्पार्टमेन्टलाइजेसन (श्७ॠ) प्रणाली प्रभावकारी रूपमा लागू गर्नुपर्ने हुन्छ ।

यद्यपि, सरकारद्वारा जारी निर्देशिका कार्यान्वयनमा जनशक्ति र पूर्वाधार अभाव देखिएको छ ।

हिमाली भेगका किसानको जीविकोपार्जनको आधार बनेको छुर्पीले ग्रामीण अर्थतन्त्र, विदेशी मुद्रा आर्जन र नेपाली मौलिक पहिचान प्रवर्द्धनमा ठूलो योगदान दिँदै आएको छ । तर, रोगमुक्त प्रमाणीकरण, गुणस्तर परीक्षण पूर्वाधार, सरकारी सहकार्य र लगानीमैत्री वातावरण बिना युरोपेली बजारमा नेपाली छुर्पीको पूर्ण व्यावसायिक विस्तार अझै चुनौतीपूर्ण देखिन्छ ।

## खेलकुद

# फुङलिङ नगरपालिका कञ्चनजंघा सेसेलुङ गोल्डकपको सेमिफाइनलमा



ताप्लेजुङ- फक्ताङलुङ गाउँपालिकालाई ३-० गोल अन्तरले पराजित गर्दै फुङलिङ नगरपालिका कञ्चनजंघा सेसेलुङ महिला गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार भएको तेस्रो क्वार्टरफाइनल खेलमा फक्ताङलुङलाई पराजित गरेको नगरपालिकाले मैवाखोला गाउँपालिकासँगको भेट पक्का गरेको हो ।

दोस्रो हाफको सुरुवातमै नगरपालिकाको तर्फबाट सम्झना लावतीले गोलको खाता खोलिन् । टिम क्याप्टेन अनुसा थेवेले हानेको कर्नर किकलाई सम्झनाले खेलको ४५ औं मिनेटमा जाली चुमाएकी थिइन् ।

त्यसको चार मिनेटपछि ४९ औं मिनेटमा सम्झनाको पासलाई उपयोग गर्दै सुजता लिम्बुले दोस्रो गोल गरिन् । दोस्रो हाफपछि आक्रामक उपस्थिति देखाएको नगरपालिकाले ५४ औं मिनेटमा तेस्रो गोल गऱ्यो । तेस्रो गोल समीक्षा मगरको नाममा रह्यो । प्रतियोगिताको प्लेयर अफ द म्याच फुङलिङकी सम्झना बनिन् । उनले नगद ५ हजार पाइन् ।

मंगलबार हुने अन्तिम क्वार्टरफाइनल खेल सिदिङ्वा र मेरिङ्देन गाउँपालिकाबीच हुनेछ ।प्रतियोगिताको विजेताले ट्रफीसहित दुई लाख दुई हजार र उपविजेताले एक लाख दुई हजार र ट्रफी प्राप्त गर्नेछ ।

म्यान अफ द म्याचलाई पाँच हजार, विधागततर्फ उत्कृष्ट हुने सबै खेलाडीलाई आठ हजार र सर्वोत्कृष्ट खेलाडीलाई १० हजार पुरस्कार राखिएको छ । चासोक तङनामको अवसरमा कञ्चनजंघा फुङलिङ क्लब र डावरक सङजम्बो फुङलिङको आयोजनामा सञ्चालित प्रतियोगिताको फाइनल मंसिर २० गते हुने छ ।

# महाधिवेशनमा वैचारिक बहस र बाह्य हस्तक्षेपविरुद्ध समीक्षा हुनेछः पृथ्वीसुब्बा गुरुङ



महाधिवेशनमा वैचारिक बहस र बाह्य हस्तक्षेपविरुद्ध समीक्षा हुनेछः पृथ्वीसुब्बा गुरुङ

काठमाडौं- नेकपा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले पार्टीको ११औं राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनसँगै व्यापक वैचारिक बहस हुने बताएका छन् ।

प्रेस चौतारी नेपालले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै गुरुङले जनताको बहुदलीय जनवाद (जबज) लाई मार्गनिर्देशक सिद्धान्त मानेको पार्टीले नेतृत्व गरिरहेको सरकार ढालिनु गम्भीर विषय भएको उल्लेख गर्दै त्यसबारे महाधिवेशनमा गहिरो समीक्षा हुने बताए ।

“संसारभर कम्युनिष्ट शक्तिहरू कमजोर भइरहेका बेला नेपालले जनताको बहुदलीय जनवादको सिद्धान्त अघि सारेको थियो,” उनले भने, “त्यही सिद्धान्त मान्ने पार्टीले नेतृत्व गरेको सरकार किन कोल्याप्स भयो भन्ने विषयमा अब वैचारिक बहस अपरिहार्य छ ।”

गुरुङले केपी शर्मा ओली नेतृत्वको सरकार सामान्यवादी र साम्राज्यवादी शक्तिको डिजाइनअनुसार ढालिएको दाबी गर्दै भ्रष्टाचारको हल्ला फैलाएर सत्तापलट गराउने प्रयास भएको आरोप लगाए ।

उनले बाह्य हस्तक्षेपकारी शक्तिले निर्वाचनमार्फत आफूअनुकूल दल र नेता स्थापित गर्न खोजिरहेको पनि बताए । “उनीहरूको अनुकूल दल र पात्र जित्ने अवस्था नबन्दासम्म बाह्य शक्तिले निर्वाचन हुन दिँदैन,” उनले भने ।

निर्वाचनको मिति घोषणा भइसकेपछि पनि नेकपा एमालेका गतिविधिमा अवरोध पुऱ्याइएको उल्लेख गर्दै गुरुङले यसले बाह्य शक्ति अहिले चुनाव चाहँदैन भन्ने संकेत गरेको दाबी गरे ।

“बाह्य शक्ति नेपालभित्र ‘जिलेन्सी’ खोजिरहेको छ,” उनले भने, “युक्रेनका राष्ट्रपति भोलोदिमिर जिलेन्सीजस्तै पात्र तयार भए मात्र चुनाव हुन्छ, नत्र हुँदैन ।”

बाह्य शक्तिको योजना असफल बनाउन नेकपा एमालेले प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा उठाएको उल्लेख गर्दै उनले पुनर्स्थापनापछि संविधान सही मार्गमा फर्कने र मुलुक संवैधानिक रूपमा अघि बढ्ने विश्वास व्यक्त गरे ।

# गोरखाका किसानहरू कृषिमा यन्त्रीकरणतर्फ आकर्षित



गोरखा - पछिल्ला केही वर्षयता गोरखाका किसानहरू कृषिमा यन्त्रीकरणतर्फ आकर्षित हुँदै गएका छन् । गाउँ-बस्तीमा खेती गर्न ट्रयाक्टर, थ्रेसरलगायत आधुनिक उपकरणको प्रयोग बढ्दै गएको छ ।

उत्तरी गोरखाका हिमाली भेगमा समेत गहुँ, जौ, करु र फापर काट्न मेसिनको प्रयोग बढ्न थालेको किसानहरू बताउँछन् । तल्लो भेगका टार र फाँट क्षेत्रमा थ्रेसरको प्रयोग व्यापक भएपछि दयेँर र गोरु प्रयोग गरेर परम्परागत रूपमा दाइँ गर्ने चलन प्रायः हराउँदै गएको स्थानीयवासीको भनाइ छ । पालुङ्टार नगरपालिका-९ का महेन्द्र श्रेष्ठका अनुसार परम्परागत दाइँका लागि आवश्यक युवा जनशक्तिको अभाव भएपछि थ्रेसरको लोकप्रियता बढेको हो । “युवा जनशक्ति वैदेशिक रोजगारीमा गएपछि मेसिनबाट दाइँ गर्ने काममा महिलाहरू नै सक्रिय छन्,” उनले भने, “एक महिनायता हाम्रो फाँटमा मात्रै सात वटा मेसिनले भ्याइनभ्याइ काम गरिरहेका छन् ।” हिमालपारिको चुम उपत्यकामा तिब्बतबाट ल्याइएका उपकरण प्रयोग गरी बाली काट्ने र कुट्ने चलन बढ्दै गएको चुमनुब्री गाउँपालिका-७ छेकम्पारका पूर्व वडाध्यक्ष पासाङ फुञ्जो लामाले बताए । उनका अनुसार विगत पाँच वर्षदेखि बारी जोत्नेदेखि बाली काट्ने र कुट्ने कामसम्म मेसिनबाट हुँदै आएको छ ।

कृषि ज्ञान केन्द्र गोरखाका अनुसार जिल्लामा कृषिमा यन्त्रीकरणको प्रयोग क्रमशः बढिरहेको छ । हाल गोरखामा करिब ७० प्रतिशत दाइँ सकिएको छ, जसमध्ये अधिकांश तल्लो भेगका समथर फाँटहरूमा थ्रेसर प्रयोग गरिएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी सुमन भट्टराईले जानकारी दिए । उनका अनुसार कृषिमा यन्त्रीकरण गर्दा करिब १५ प्रतिशतसम्म लागत घट्ने भएकाले किसानहरू आधुनिक प्रविधितर्फ आकर्षित भएका हुन् । “कम खर्च, समयको बचत र सजिलोका कारण कृषिमा यन्त्रीकरणको परम्परा बढ्दै गएको छ,” भट्टराईले भने ।

# सहकारी पीडितको प्रदर्शन जारी




काठमाडौं । सहकारी पीडितहरूले प्रदर्शनलाई जारी राखेका छन् ।

मंसिर ५ गतेदेखि पीडितहरूले समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यलयको अगाडी बुद्धनगरमा प्रदर्शन गरिरहेका छन् । उनीहरूले सोमवार पनि प्रदर्शनलाई निरन्तरता दिएका हुन् ।

सहकारीमा जम्मा गरेको बचत फिर्ता पाउनुपर्ने, रकम हिनामिना गर्नेलाई कारबाही गर्नुपर्ने लगायतका माग राखेर उनीहरू आन्दोलनमा उत्रेका हुन् । आन्दोलनमा सहभागी भएका बनेपामा रहेको पशुपति सहकारीपीडित राजकुमार ढकालले आफ्नो १८ लाख रुपैयाँ डुबेको बताए ।

छोराछारी पढाउनको लागि राखेको रकम फिर्ता नपाएको गुनासो उनको थियो ।

सञ्चालक फरार भएपछि विगत ३ वर्षमा आफूहरूले रत्नपार्कमा १०८ दिन, तीनकुने ६३ दिन आन्दोलन गरेको बताए । हाल बुद्धनगरमा मंसिर ५ गतेदेखि आन्दोलन गरिरहेको उनको भनाइ छ ।

सरकारले पटकपटक वार्ता गरेपनि आफुहरूको माग पूरा नगरेको बताउँदै उनले कतिपय सहकारी पीडितहरू डिप्रेशनको शिकार समेत बनेको बताए ।

सरकारले चाहेमा सहकारी पीडितको रकम फिर्ता गर्नसक्ने बताउँदै उनले आफू पनि डिप्रेशनको शिकार भएर औषधि सेवन गरिरहेको जानकारी दिए ।

प्रदर्शनमा सहभागीहरूले ‘सहकारी पीडितलाई न्याय दे, बचतकर्ताको सम्पूर्ण बचत फिर्ता गर्ने जिम्मेवारी सरकारको हो, भ्रष्टाचारमुक्त नेपाल निर्माण गरौं, सम्पूर्ण पीडितको बचत फिर्ताको जिम्मा सरकारले लिनुपर्छ, सरकार समस्याग्रस्तमा राजनितिक नियुक्तिको आवरणमा दलाली गर्ने कर्मचारीलाई कारबाही खै ?’ लगायतका नारा लेखिएका प्ले कार्ड बोकेका थिए ।

# नयाँ भनिएका दलहरूलाई जिम्मा लगाउँदा मुलुकले फेरि ठक्कर खान्छ : घनश्याम भूसाल

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी संयुक्तका कार्यवाहक अध्यक्ष घनश्याम भूसालले नयाँ भनिएका दलहरूकै हातमा मुलुकलाई जिम्मा लगाउने हो भने पुनः मुलुकले ठक्कर खाने बताएका छन् ।

सोमबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा आफ्ना धारणा राख्ने क्रममा उनले यस्तो बताएका हुन् । उनले आफ्नो दल नयाँ दलहरूको पनि विकल्पको कुरा गरेर अघि बढेको जिकिर गरे ।


‘हामील नयाँ भनिएका पार्टीहरूको पनि विकल्पको कुरा गरिरहेका छौं । सम्भवतः यो सुनेर धेरैलाई अचम्म लाग्छ होला,’ भूसालले भने, ‘हामीले यो भन्नुपर्छ, नयाँ भनिएका पार्टीहरू सिद्धान्त विचारका हिसाबले भुइँफुट्टा, त्यो दूर दृष्टिका हिसाबले सतही, गैर जिम्मेवार देखिने जो नयाँ भनिएका पार्टी छन् । यिनीहरूकै हातमा पनि यसै मुलुक जान्छ भने मुलुकले फेरि ठक्कर खानेछ ।’

नयाँ भनिएका दलहरू पनि पुरानाजस्तै दलाल पूँजीवादसँग ब्रिकी हुनेवाला देखिएको जिकिर गरे । ‘यी पार्टीहरू हिजोका ठूला भनिएका सत्ताधारी पार्टी जस्तै निसन्देह यिनको नेतृत्व पनि दलाल पूँजीवादसँग बिक्री हुनेवाला छ,’ भूसालले भने, ‘हाहाहोहो गरेर सरकार र आगामी राजनीतिमा प्रभावशाली हुने जे सोच्दैछन् यसरी पनि यो मुलुकले शान्ति नपाउने भयो । यो कुरा हामीले भन्नुपर्छ भन्ने हामीलाई लाग्छ ।’

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष –१८, अंक– १९,
२०८२ साल मंसिर १६ गते मंगलबार
2 DECEMBER 2025, TUESDAY

# प्रधानमन्त्रीको उपस्थितिमा एनआरएनएबीच एकता घोषणा



काठमाडौं- गैर आवासीय नेपाली संघ (एनआरएन) बीच आज एकता सम्बन्धी सहमतिमा हस्ताक्षर भएको छ । प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा महेश श्रेष्ठ र डा.बद्री केसीले एकता सम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरेका हुन् ।

एनआरएनए पछिल्ला केही वर्षदेखि श्रेष्ठ र केसीको नेतृत्वमा क्रियाशील थिए। मुलुकमा फेरिएको परिस्थितिबीच दुवै संस्थाको नेतृत्व दश बुँदे सहमति गर्दै एकताबद्ध हुन तयार भएको हो ।

एकतापछि १७ अप्रिल २०२६ सम्ममा १२ औं महाधिवेशन गर्ने सहमति जुटेको छ । केसी नेतृत्वको कार्यसमिति श्रेष्ठको नेतृत्वमा एकता महाधिवेशनमा जान तयार भएको छ ।

महाधिवेशनलाई पारदर्शी एवं विश्वासयोग्य बनाउन ११ सदस्यीय स्टेयरिङ कमिटी गठन गर्ने, त्यस्तो कमिटीमा रहेका व्यक्ति १२औं महाधिवेशनमा उम्मेदवार नहुनेजस्ता सहमति जुटेको छ। 'लामो समयदेखिको प्रयासले सार्थकता पाएको छ। एकताको मूल सहमति पत्रमा हस्ताक्षर भइसकेको छ । आइतबार प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्रीको उपस्थितिमा एकताको घोषणा भयो,' एनआरएनएका एक नेताले भने, 'अब विश्वभरका एनआरएनको नेतृत्व महेश श्रेष्ठले गर्नँहुनेछ ।'

यसअघि विभिन्न समयमा एनआरएनको आधिकारिकता लगायतका विषयमा सबै पक्षले अदालतमा दायर गरेका मुद्दा फिर्ता लिने सहमति पनि भएको छ। १० बुँदे मूल सहमति परराष्ट्र मन्त्रालयका प्रतिनिधिको रोहवरमा हस्ताक्षर गरिएको छ । त्यसलाई परराष्ट्र मन्त्रालयमा अभिलेखित गर्ने सहमति पत्रमै उल्लेख छ ।

१० बुँदे सहमतिको कार्यान्वयन संघको विधान अनुसार गर्ने, कुनै विषयमा विवाद उत्पन्न भए परराष्ट्र मन्त्रालयसँगको समन्वय र सहमतिमा समाधान गर्ने तथा सहमतिका सबै बुँदाहरूलाई संघको आगामी १२औं महाधिवेशनबाट अनुमोदन गराउने भनिएको छ ।

सहमतिको पहिलो बुँदामा २०२३ अक्टोबर १७-२० मा सम्पन्न एघारौं अन्तर्राष्ट्रिय महाधिवेशनबाट निर्वाचित डा । बद्री केसीको नेतृत्वको कार्यसमितिलाई स्वीकार गर्ने तथा संघका पूर्वअध्यक्ष डा. शेष घलेको संयोजकत्वमा गठित उच्चस्तरीय समितिद्वारा २०२५ मे ३-४ मा आयोजित एकता महाधिवेशनबाट महेशकुमार श्रेष्ठको नेतृत्वमा निर्वाचित कार्यसमितिलाई स्वीकार गर्ने उल्लेख छ। सहमतिको दोस्रो बुँदामा गैरआवासीय नेपाली संघको १२औं महाधिवेशन १७ अप्रिल २०२६ सम्ममा सम्पन्न गर्ने र त्यसका लागि महेशकुमार श्रेष्ठको नेतृत्वमा बनेको समितिको कार्यकाललाई पूर्ण कार्यकाल मानिने भनिएको छ ।

विभिन्न समयमा एनआरएनको नेतृत्व गरेका डा । बद्री केसी, कुल आचार्य, रबिना थापा, विनोद कुँवर र राजेन्द्रकुमार शर्माको अध्यक्षतामा गठित यसअघिका कार्यसमितिहरूलाई पूर्व कार्यसमितिको रूपमा अभिलेखीकरण गर्ने भनिएको छ ।

यस्तै, आगामी १२औं महाधिवेशनका अवसरमा, ११औं महाधिवेशनबाट निर्वाचित कार्यसमितिका महासचिव र कोषाध्यक्षले आफ्नो प्रतिवेदन पेश गरी अनुमोदन गराउने, त्यसलाई ११औं महाधिवेशनबाट निर्वाचित अध्यक्ष डा. बद्री केसीले एकताको महाधिवेशनबाट निर्वाचित अध्यक्ष महेशकुमार श्रेष्ठलाई हस्तान्तरण गर्ने सहमति गरिएको छ । गैरआवासीय नेपाली संघका दुवै पक्षको आर्थिक पाटोलाई पारदर्शी एवं विश्वासिलो बनाउन स्वतन्त्र तृतीय पक्षबाट अडिट गराउने तथा १०बुँदे सहमति पत्रको कार्यान्वयन र १२औं अन्तर्राष्ट्रिय महाधिवेशन र निर्वाचनको स्वच्छता, स्वतन्त्रता तथा निश्पक्षताको सुनिश्चितता गर्ने सहमति पत्रको अभिन्न अङ्ग हुने गरी पुरक सहमति गरिने पनि उल्लेख छ ।

सहमति पत्रमा ११औं अन्तर ाष्ट्रिय महाधिवेशनबाट निर्वाचित कार्य समितिका अध्यक्ष बद्री केसी र एकताको महाधिवेशनबाट निर्वाचित कार्यसमितिका अध्यक्ष महेशकुमार श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

**विकासलाई राजनीतिक...**

केही युवा विद्यार्थीहरुको अकालमा मृत्यु भयो । त्यही समय पारेर विदेशी योजनालाई सघाईरहेका राजनीतिक पार्टी खोलेर बसेका नेपाली नागरिता बोकेका तर विदेशी भत्ता खाईहरेकाहरुले देश जलाए, फेरी थुप्रै पार्टी स्थापना भएका छन् । पुराना नै पार्टीहरुले बनाउन केहि सिकेनन् । विरोध मात्र गर्न सिके, गर्न खोज्दा पनि स्पष्ट बहुमत कहिल्यै सरकारको भएन । फेरी त्यस्तै खालको राजनीतिक पैरोले नेपालको विकासमा अवरोध गरिरने नै देखिन्छ ।

त्यसकारण नेपालमा बन्न लागेका राष्ट्रिय गौरवका आयोजनाहरु, स्थापना हुन लागेका उद्योगहरु, बृहत्त रुपमा कृषि, पर्यटन, जलविद्युतमा भईरहेका कामहरुलाई रोक्न हुदैन । यि कामहरु समयमा भए भने उद्योगले धेरैलाई रोजगार दिनुको साथै व्यापारमा नेपालको अर्थतन्त्र उकास्न मद्दत गर्छ । कृषिले आत्मनिर्भताको दरिलो आधार तयार गर्छ। पर्यटनले नेपालको प्रतिष्ठा बढाउनुको साथै आर्थिक उन्नतिमा टेवा दिन्छ । जलविद्युतको अधिक निर्माणले. सस्तो उर्जा उत्पादन गर्न मद्दत गर्छ सस्तो उर्जाले उद्योगीलाई उत्पादनमा सस्तो गराउन मद्दत गर्छ सस्तो वस्तु अन्तराष्ट्रियस्तरमा पतिस्पर्धा गर्न सक्छ ।

यसरी यो दृढ सकल्प लिएर काम गर्न सक्ने राजनेता भएको पार्टी नेपालमा देखिएको छैन । यो दृढ सकल्प भएको र योजना दिन सक्ने नेतृत्व लिन सक्ने पार्टीको स्थापना होस् र देश विकास गर्ने काममा कसैले अवरोध सृर्जना नगरोस् ।

**सुदूरपश्चिममा नेकपा...**

मंसिर १४ गते, कोशीको विराटनगरमा मंसिर १५ गते सभा हुनेछ ।

साथै कर्णालीको सुर्खेतमा मंसिर १८ गते, मधेसको जनकपुरमा मंसिर २० गते र बागमतीको हेटौंडामा मंसिर २३ गते सभा हुनेछ । मंसिर २९ गते देशभरका पालिकाहरूमा एकता सन्देश सभा हुनेछ ।

कात्तिक १९ यता ६ वटा पार्टी तथा त्यसका विद्रोही समूहहरू नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएका छन् । भीम रावल, राजेन्द्र श्रेष्ठ लगायतका नेताहरू पनि नेकपामा समाहित एका छन् ।

**महाधिवेशन सफल...**

समय खेर फालियो ।' केन्द्रीय सदस्य पौडेलले बैठकमा कार्यतालिकासहित पुस महिनाभित्र महाधिवेशन गर्न सकिने लिखित प्रस्ताव दर्ता गरेका थिए । पछि महामन्त्रीबाट समेत सोही अनुसार प्रस्ताव आएको भन्दै नेता पौडेलले भने, 'पछि महामन्त्रीको प्रस्ताव पनि पुष भित्रै सम्पन्न गर्नेगरी आयो । तर, त्यतिबेला निर्णय हुन सकेन। निर्णय भएको भए समयको त्यति चाप पर्ने थिएन ।'

अझै पनि तोकिएकै मितिमा महाधिवेशन सम्भव भएको भन्दै नेता पौडेलले तर त्यसका लागि सबै युद्धस्तरमा खटिनु पर्ने बताए । महाधिवेशनका लागि सबैभन्दा महत्वपूर्ण पाटो सदस्यता नवीकरण र वितरण भएको भन्दै उनले यसपालिको व्यवस्थाले विगतमा जस्तो विवाद र समय नलगाउने विश्वास गरे ।

'तर, यो पटक धेरै सजिलो बनाइएको छ । सदस्य कसैले नवीकरण गर्न चाहेमा बन्चित हुने छैन। विधानले वर्जित गरेको बाहेक कसैको सदस्यस्ता वर्जित हुने छैन । वडा, जिल्ला, केन्द्र र डिजिटल्ली पनि नवीकरण हुने व्यवस्था मिलाइएको छ,' उनले भने, 'अब चाहने नेपाली नागरिकले सदस्यता पाउने स्थिति बनेको छ ।'

पार्टी प्रतिबद्धता पूरा गरेको अवस्थामा वडा, केन्द्र वा प्रविधिबाट सदस्यता दिइने भन्दै नेता पौडेलले चाहने सबैलाई उपलब्ध गराएर सबैका लागि कांग्रेस खुला गराउने व्यवस्था गरिएको बताए । उनले विशेष महाधिवेशन माग गर्नेको पनि पहिलो प्राथमिकता नियमित महाधिवेशन भएकाले यसले ५४ प्रतिशत हस्ताक्षरकर्ताको समेत माग सम्बोधन हुने बताए ।

महाधिवेशनले पार्टीमा एकता कायम हुने र नीतिगत प्रष्टता समेत हुने भएकाले आगामी निर्वाचनमा पार्टीलाई लाभ हुने उनले बताए ।

'महाधिवेशनपछि पार्टीमा एकता कायम हुन सक्छ । नीतिगत रूपमा प्रष्ट भएर आउन सक्छ । जेनजी पुस्ताको विषय समेटेर धारणा ल्याउन सक्छ । पार्टीका सबै संरचना चलायमान हुन सक्छन् । सबै पक्षबाट प्रष्ट भएर अपिल गर्न सक्ने नेतृत्व आउन सक्छ । फागुन २१ को मतदानमा मत बढाउन सक्छ,' केन्द्रीय सदस्य पौडेलले भने ।

**गम्भीर संकटमा...**

उनले मार्क्सवाद र लेलिनवादलाई नयाँ पार्टीको मूल सिद्धान्त रहेको बताए। समाजवादी क्रान्ति र नेपाली विशेषताको समाजवाद निर्माणका लागि एकता गरिएको बताए । उनले एमालेको शैलीले समाजवादसम्म नपुगिने बताए ।

आफ्नै कमजोर, विदेशी सड्यनत्रका कारण कम्युनिस्ट पार्टीहरु पटकपटक विभाजन भएको बताए ।

कृषि क्रान्तिका कार्यक्रम ल्याउने कम्युनिस्ट पार्टीले सत्तामा पुगेपछि एजेन्डा बिर्सिएको बताए । कम्युनिस्ट पार्टीले सुरुदेखि नै कृषि क्रान्तिको एजेन्डा राखेको बताए ।

**प्रेस काउन्सिल..**

उपाध्यक्ष समेत भइसकेका आचार्यसँग २०५१ सालमा बार काउन्सिलको कार्यकारी समितिमा बसेर काम गरेको पनि अनुभव छ । उनले २०७४ सालमा लुम्बिनी प्रदेशको कानुन आयोगमा डेढ वर्ष काम गरेको थिए ।

## अन्तराष्ट्रिय

# इन्डोनेसियामा बाढी र पहिरोबाट मृत्यु हुनेको संख्या ६०४ जना पुग्यो



जकार्ता – इन्डोनेसियाको सुमात्रा टापुका तीन प्रान्तमा आएको विनाशकारी बाढी र पहिरोले मृत्यु हुनेको संख्या ६०४ पुगेको छ भने ४६४ जना अझै बेपत्ता रहेको इन्डोनेसियाको राष्ट्रिय दैवीप्रकोप व्यवस्थापन निकायले सोमबार जनाएको छ ।

निकायका अनुसार उद्धार कार्य प्रभावित क्षेत्रमा तीव्र गतिमा जारी रहेको छ । उत्तर सुमात्रा, पश्चिम सुमात्रा र अचेह प्रान्तमा आएको बाढीका कारण झन्डै पाँच लाख ५० हजार मानिस विस्थापित भएको उल्लेख गरिएको छ ।

सडक अवरुद्ध हुनुका साथै सञ्चार अवरुद्ध भएकाले केही प्रभावित क्षेत्रमा पुग्न मुस्किल परेको र बचाउ तथा राहत सामग्री मुख्य रूपमा हवाई माध्यमबाट पुऱ्यायाइनुपर्ने अवस्था रहेको निकायले जनाएको छ । सोमबार इन्डोनेसियाका राष्ट्रपति प्राबोवो सुबियान्तोले सरकारका उद्धार तथा राहत प्रयासहरू पूर्ण क्षमतासहित अघि बढाइएको बताए ।

थ्उनले इन्डोनेसियाले जलवायु परिवर्तनका चुनौतीहरूलाई प्रभावकारी रूपमा सामना गर्नुपर्ने र स्थानीय सरकार हरूले वातावरण संरक्षण तथा आगामी चरम मौसमी घटनाका तयारीमा अझ ठूलो भूमिका खेल्नुपर्ने आवश्यकता जोड दिए ।

# हङकङमा आगलागीमा परेर १२८ जनाको मृत्यु

काठमाडौं – हङकङमा भएको आगलागीमा परेर हालसम्म १२८ जनाको मृत्यु भएको छ। आगलागीको घटनामा करिब २०० जना मानिस बेपत्ता भएको अधिकारीहरुले बताएका छन् ।

बुधबारदेखि उत्तरी ताई पो जिल्लाको वाङ फुक कोर्टमा आगो लागेको थियो । आगो लाग्दा आवासीय कम्प्लेक्समा कति जना घरभित्रै थिए भन्ने अझै स्पष्ट छैन। पछिल्लो जनगणना रिपोर्टअनुसार झन्डै ४ हजार ६ सय मानिसहरु यस अपार्टमेन्टमा बस्ने गरेका थिए । भ्रष्टाचार विरोधी निकायले उक्त भवन परिसरमा भइरहेको मर्मतसम्भारको काममा भएको अनियमितताबारे अनुसन्धान सुरू गरेको छ । प्रहरीका अनुसार आगलागीको सम्भावित कारण बन्न सक्ने तरल सामग्री लापरबाहीपूर्वक छोडिएको आशंकामा हालसम्म ११ जनालाई पक्राउ गरिएको सीएनएनले उल्लेख गरेको छ । केही बासिन्दाले आगो लाग्दा फायर अलार्म नबजेको र घर-घर दौडेर आफूहरूलाई एक-आपसमा चेतावनी दिनुपरेको गुनासो गरेका छन् ।

सन् १९४८ पछि हङकङमा भएको यो सबैभन्दा घातक आगलागी हो । त्यसबेला कम्तीमा १३५ जनाको मृत्यु भएको थियो ।

मानव अधिकारको सम्मान गरौं ।

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार
- मानवअधिकार उल्लंघन नगरौं.
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# फिल्म 'कुमारी' माघ २३ गते रिलिज हुने, पहिलो गीत सार्वजनिक



लभ स्टोरी फिल्मका ज्ञाता मानिने निर्देशक दिनेश राउतको नयाँ प्रेम कथानक 'कुमारी'को पहिलो गीत 'कता छौ मेरो फूल' सार्वजनिक भएको छ। गीत सार्वजनिकसँगै निर्माण टिमले फिल्मको रिलिज मिति पनि घोषणा गर्दै माघ २३ गते देशभर प्रदर्शनमा आउने जनाएको छ। रिलिज मिति 'भ्यालेन्टाइन डे' नजिक परेकाले फिल्मले युवा दर्शकलाई लक्ष्य लिएको बुझिन्छ।

यसअघि टुँडिखेलमा भव्य रूपमा आयोजना गरिएको घोषणा कार्यक्रममा यो गीतको लाइभ प्रस्तुति गरिएको थियो। गायक केहर सिंह लिम्बु तथा उनको ब्यान्ड 'केहर एन्ड द लुङ्गा'ले प्रस्तुत गरेको यो गीत हाल युट्युब र टिकटकमा विशेष गरी 'जेन-जी' पुस्ताबिच निकै लोकप्रिय छ।

फिल्मको मुख्य भूमिकामा अबिषेक खड्का र आकृति राजभन्डारी रहेका छन्। दुवै कलाकार यसै फिल्ममार्फत मुख्य भूमिकामा डेब्यु गरेका हुन्।

'आइ एम सरी'बाट निर्देशन यात्रा सुरु गरेका राउत 'नोभेम्बर रेन' र 'क्लासिक' जस्ता सफल प्रेमकथाका लागि चिनिन्छन्। पछिल्ला वर्षमा सामाजिक विषयमा केन्द्रित फिल्म निर्देशन गर्दै आएका राउतले दर्शकको रुचिअनुसार फेरि प्रेमकथामा फर्किएको बताएका छन्। उनका अनुसार 'कुमारी'को प्रोजेक्ट 'पुजार सार्की'भन्दा अघि प्रारम्भ भए पनि विभिन्न कारणले अहिले आएर मात्र बनेको हो।

'कुमारी'मा चार गीत रहनेछन्। सबै गीतमा स्वर केहर सिंह लिम्बुले दिएका छन् भने सङ्गीतमा लिम्बुसँगै सुमन तामाङ र प्रशान्त सिवाकोटीको सहभागिता रहेको छ। गीतका शब्द सागर लामिछाने मगर, सुमन तामाङ र युवराज काफ्लेले लेखेका छन्।

बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा निर्माण भएको यस फिल्मका निर्माता महेन्द्र अधिकारी हुन्। स्क्रिप्ट विकास सुवेदीले लेखेका छन् भने छायाङ्कन निर्देशन सुसन प्रजापतिले गरेका हुन्। कार्यकारी निर्माता केदार भुसाल हुन्।

'कुमारी'को डिजिटल वितरण केन्द्र मोशन पिक्चर्सले गरेको छ भने काठमाडौं उपत्यकामा डीसीएन र उपत्यका बाहिर कुवेर सिने डिस्ट्रीब्युशनले थिएट्रिकल वितरण गर्दैछन्। यसको प्रोडक्सन डिजाइनरमा आशिका शर्मा, कस्ट्युम डिजाइनर अञ्जली रिजाल, मुख्य सहायक निर्देशकमा दिनेश बहादुर रावत रहेका छन्। फिल्ममा सुप्रिम पराजुलीको सम्पादन तथा रङ्ग संयोजन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, किरण थापा र शिशिर खातीको कोरियोग्राफी रहेको छ। पब्लिसिटी डिजाइन रोयल भीमसेन (ट्राइडेन्ट कन्सेप्ट)को रहेको छ।

# २२ वर्षपछि पुनर्जीवित भयो शिव रेग्मीको 'पाहुना' गीत



स्वर्गीय निर्देशक शिव रेग्मीले लेखेका थुप्रै गीतहरूमध्ये 'पाहुना' कालजयी मानिन्छ। सन् २००३ मा प्रदर्शन भएको फिल्म 'पाहुना'मा उक्त गीत समावेश थियो। यही गीतलाई नयाँ एरेन्जमेन्टसहित निर्देशक रेग्मीकै भान्जी एकता पौडेलले आफ्नो पहिलो निर्देशकीय फिल्म 'हर्ष'मा समावेश गरेकी छन्। यो गीत सोमबार युट्युबमार्फत सार्वजनिक गरिएको छ।

समीर-हिमालको कम्पोज तथा वसन्त सापकोटाले पुनः उत्पादन गरेको गीतमा गरिमा अधिकारीको स्वर छ। गीतले मानिसको जीवन यस संसारमा पाहुनाजस्तै क्षणिक मात्र हो भन्ने गहिरो सन्देश दिएको छ। गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू वर्षा राउत, खगेन्द्र लामिछाने र साइमन वादी लगायतलाई देख्न सकिन्छ।

गत शुक्रबारबाट प्रदर्शनमा आएको 'हर्ष'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सुखद प्रतिक्रिया बटुलिरहेको छ। फिल्मको विषयवस्तु प्रभावकारी रहेको भन्दै प्रशंसा भइरहेको छ भने बाल कलाकार साइमनको अभिनयले दर्शकको ध्यान खिचेको छ। 'माउथ पब्लिसिटी'को प्रभावले फिल्मको व्यापार वृद्धि हुनेमा निर्माण टिम विश्वस्त देखिएको छ।

वंशको विषयलाई मुख्य कथावस्तु बनाइएको यस फिल्ममा खगेन्द्र, वर्षा र साइमनसहित नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, लुनिभा तुलाधर, अंशु महर्जन, सुवर्ण थापा, सिर्जना नापित लगायतको अभिनय रहेको छ। फिल्ममा प्रशन्न पौडेल र विकास पौडेल निर्मातामा छन् भने हिक्मत चोखाल कार्यकारी निर्माता हुन्।

# म्याग्दीबाट सुरु भयो 'रोल न. १' को छायांकन




कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माण समूहको नयाँ फिल्म 'रोल नं. १'को छायांकन सुरु गरिएको छ। दुई हप्ता लामो वर्कसपपछि सोमबार म्याग्दीबाट फिल्मको छायांकन थालिएको हो। डेढ महिना छायांकन हुने यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी, शुन्दर धिताल र निर्भिक रेग्मीको अभिनय रहनेछ।

जोन योञ्जनको निर्देशन रहने फिल्ममा उनी स्वयंको कथा छ। निर्माता विनोद पौडेलले फिल्म भ्रम र कथित सामाजिक प्रतिष्ठाका नाममा विद्यार्थीले झेल्नुपर्ने मनोवैज्ञानिक दबाबमा आधारित हुने बताए। उनका अनुसार फिल्मले सबैलाई जित्नै पर्ने, नजिते इज्जत नै हुँदैन र कक्षाको प्रथम अथवा फर्स्ट नै विद्वान हो, अरु मुर्ख हुन् भन्ने कथा उठाउनेछ।

महेश दवाडीको पटकथा तथा संवाद रहेको फिल्ममा प्रशान्त शिवाकोटीको संगीत हुनेछ। सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण हुने फिल्मको निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन्। रमेश चौलागाईं कार्यकारी निर्मातामा रहेका छन्। यसमा शिवराम श्रेष्ठको डीओपी तथा मदन घिमिरेको सम्पादन रहनेछ।

# 'बिगुल'मा जेनजी भाव, फर्स्टलुकमा विद्रोह







रमेश कोइरालाको निर्देशनमा बनेको फिल्म 'बिगुल' वसन्त पञ्चमी (सरस्वती पूजा)को अवसर पारेर आगामी माघ ९ गतेबाट प्रदर्शनमा आउने भएको छ। आइतबार निर्माण पक्षले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति तय गरेको हो। उक्त मितिमा अभिनेता सुशील श्रेष्ठ स्टारर फिल्म 'परिवर्तन' पनि प्रदर्शनमा आउँदैछ।

फर्स्टलुकमध्ये एउटामा अभिनेत्री बेनिशा हमाल गम्भीर भावमा देखिएकी छिन्। सोही पोस्टरमा राँको लिएका एक हुल प्रदर्शनकारी देखिन्छन। दोस्रो पोस्टरमा बेनिशासहित नरेन खड्का र रमेश बुढाथोकी आक्रोशित मुद्रामा प्रस्तुत छन् भने अर्को पोस्टरमा 'बिगुल'का सबै मुख्य कलाकारलाई समेटिएको छ।

निर्माण पक्षले गत भदौ २३ र २४ मा जेनजी पुस्ताले गरेको आन्दोलनको मुद्दालाई फिल्ममा समेटिएको दाबी गरेको छ। निर्माता दिनेश कोइरालाले जेनजी पुस्ताले आन्दोलनमा उठाएका मुद्दा र फिल्मको कथा ठ्याक्कै मिल्नु अचम्मको संयोग भएको बताए। उनका अनुसार फिल्मलाई जेनजी आन्दोलनप्रति समर्पित गरिएको छ।

म्याग्नोलिया ग्रुपको ब्यानरमा निर्माण भएको फिल्ममा बेनिशा, रमेश र नरेनसहित नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, विनोद न्यौपाने, जेएन घिमीरे, गीता अधिकारी, मीरा पण्डित, मानश्री शर्मा लगायतको अभिनय रहेको छ। कल्पना पौडेल प्रस्तुतकर्ता रहेको फिल्ममा सूर्य कान्त कोइराला र महेश कोइराला सह-निर्मातामा छन्।

फिल्ममा प्रदिप भारद्वाज र मौनता श्रेष्ठको पटकथा तथा संवाद, शिव ढकालको छायाङ्कन, कमल राई र कविराज गहतराजको नृत्य, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा, अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा किम्भेको सम्पादन रहेको छ। फिल्मको वितरण काफिया फिल्म्स र श्री ब्याङ्केट्स इन्टरटेन्मेन्टले गर्नेछन्।

# 'डल्लेले इन्ट्री मार्‍यो' को पोस्टरमा तनाव भावमा सागर




राजु गिरीको निर्देशनमा तयार भएको फिल्म 'डल्लेले इन्ट्री मार्‍यो' आगामी चैत २७ गतेदेखि प्रदर्शनमा आउने भएको छ। सोमबार निर्माण पक्षले फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो। पोस्टरमा कलाकार सागर लम्साल 'बले'लाई सोलो रूपमा प्रस्तुत गरिएको छ, जहाँ उनलाई तनावयुक्त मुद्रामा देखाइएको छ।

पोस्टरमा चुरोट सेवन गरिरहेका सागर मदहोस भावमा देखिन्छन्। निर्देशकले युवापुस्तामा बढ्दो कुलतप्रति केही सन्देश दिन खोजेको पोस्टरबाट अनुमान गर्न सकिन्छ। 'डल्लेले इन्ट्री मार्‍यो' सागरले ३५ लाख पारिश्रमिक लिएर काम गरेको फिल्म हो। यसमा उनको जोडी रोशनी खड्कासँग बाँधिएको छ।

लक्ष्मण सुवेदीको पटकथा तथा संवाद रहेको फिल्ममा सागर र रोशनीसहित रमेश बुढाथोकी, हेमन्त बुढाथोकी, रविन्द्र झा, कैलास रावत, बिशाल पहाडी, ध्रुव कोइराला, साबित्रा चिलुवाल, आशा पौडेल, लक्ष्मीनाथ तिमल्सिना, ओसिन भट्टराई, सुचेन्द्र परियार, रामहरि खड्का, रमेश अधिकारी, माधव खनाल लगायतको अभिनय छ। निर्देशक गिरी स्वयंले पनि अभिनय गरेका छन्।

श्याम तामाङको छायांकन रहेको फिल्ममा उमेश कुमार बस्नेतको कथा छ। फिल्मका निर्माताहरू सावित्री चिलुवाल, आशिक बस्नेत, आदर्श बस्नेत, निर्मला बस्नेत, सरिता पुरी गिरी हुन्। उषा फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्मको वितरण नेशनल सिने ग्रुपले गर्नेछ।

# 'अभिमन्यु' मा किन लिइयो 'दोस्रो रोजाइ'का कलाकार ?



फिल्मको सफलता वा असफलता यसको कथा र कलाकारले दिने न्यायसंगत अभिनयमा निर्भर रहन्छ। यी दुई पक्षसँगै फिल्मको अन्तिम मूल्यांकन गर्ने दर्शक प्रमुख निर्णायक हुन्। तर, पछिल्लो समय नेपाली निर्माताहरूले आफ्नो फिल्म चल्ने आधार प्रस्तुत गर्दै सफलताको ठोकुवा गर्न थालेका छन्।

नेपाली फिल्ममा 'अकल्पनिय' ग्रस कलेक्सन गरेर सर्वकालिन ब्लकबस्टर बनेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माण समूह यही मंसिर १८ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'अभिमन्यु' लिएर दर्शकमाझ आउँदैछ। अघिल्लो फिल्ममा व्यापार 'के', 'कस्तो' हुने अन्योल उनीहरूमा भए पनि अहिले भने 'अभिमन्यु'लाई लिएर ढुक्क देखिन्छन्।

निर्माता विनोद पौडेलले 'दोस्रो रोजाइ'का कलाकारलाई लिएर फिल्म बनाएकाले यसको सफलता निश्चित रहेको दाबी गरेका छन्। 'दोस्रो रोजाइमा रहेका कलाकारलाई लिएर बनाएको 'पूर्ण बहादुरको सारङ्गी'ले इतिहास रच्यो। 'अभिमन्यु'मा कसैले पनि मुख्य भूमिकामा नलिएका कलाकारहरूलाई खेलाएका छौं। केही सबल पक्ष नभइ हामीले उहाँहरूलाई लिएका होइनौं,' उनी भन्छन्।

यस फिल्ममा कामेश्वर चौरसिया मुख्य भूमिकामा छन्। करिब दुई दशक फिल्ममा काम गरेपछि उनले पहिलो पटक 'सोलो लिड'को अवसर पाएका हुन्। अभिनेत्री लक्ष्मी बर्देवाले पनि पहिलो पटक मुख्य भूमिकामा आफूलाई प्रस्तुत गरेकी छन्। उनले यसअघि चारवटा फिल्ममा मुख्य भूमिकामा अभिनय गरेको भए पनि ती कुनै रिलिज हुन सकेका छैनन्।

सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको फिल्ममा यस कामेश्वर र लक्ष्मीसहित सरिता गिरी, किरण श्रेष्ठ, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल लगायतको अभिनय रहेको छ। सुशान्त गौतम निर्देशक रहेको फिल्ममा विनोद पौडेल र गुञ्जन गिरी निर्मातामा छन् भने रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता हुन्।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १९,
२०८२ साल मंसिर १६ गते मंगलबार
2 DECEMBER 2025, TUESDAY



# बुटवलमा 'हायात प्लेस' होटलको औपचारिक उद्घाटन

काठमाडौं- नेपालमा हायात ब्रान्डको तेस्रो होटलका रूपमा रुपन्देहीको बुटवलमा हायात प्लेस बुटवल को औपचारिक उद्घाटन सम्पन्न भएको छ । 'वर्ल्ड अफ हायात' सदस्यहरू र आन्तरिक तथा अन्तर्राष्ट्रिय यात्रुलाई लक्षित गर्दै होटल सञ्चालनमा ल्याइएको हो ।

हायात प्लेस बुटवललाई व्यापारिक (बिजनेस) तथा फुर्सदका (लेजर) यात्रु दुवैको आवश्यकता पूरा हुने गरी डिजाइन गरिएको छ । होटलमा आधुनिक डिजाइन, सहज वातावरण, निःशुल्क वाइ-फाइ र २४ सै घण्टा उपलब्ध खानपान सुविधा रहेको छ ।

होटलमा किंग र ट्विन कोठासहित फरेस्ट र हिल भ्यू विकल्प रहेका १०९ गेस्टरुम छन् । ३०० देखि ७७५ वर्ग फिटसम्मका कोठा तथा फराकिला सुइटहरू उपलब्ध छन् । १,५६० वर्ग फिटमा फैलिएको प्रेसिडेन्सियल सुइट होटलको मुख्य आकर्षण रहेको छ । साथै, १५० जनासम्म अटाउने ग्रान्ड बलरुमसहित मिटिङ तथा कार्यक्रम आयोजना गर्न मिल्ने सुविधा पनि उपलब्ध छ ।

होटलका जनरल म्यानेजर तुषार नगरले पाहुनाको अपेक्षाभन्दा माथि उठेर सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै बुटवलमा हायात प्लेसलाई प्रमुख गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य रहेको बताए । उनका अनुसार होटलले काम र आरामबीच सन्तुलन खोज्ने यात्रुहरूलाई विशेष अनुभव प्रदान गर्नेछ ।

होटलमा निःशुल्क ब्रेकफास्ट, 'द मार्केट' बाट २४ सै घण्टा खाना, 'जिङ बार' मा कफी तथा पेय पदार्थ, आउटडोर स्विमिङ पुल, फिटनेस सेन्टर, स्पा र बालबालिकाका लागि खेल क्षेत्रसमेत उपलब्ध छन् ।

हायात प्लेस बुटवलको नेतृत्व जनरल म्यानेजर तुषार नगर र सेल्स डाइरेक्टर पार्थ ब्यानर्जीले सम्हालिरहेका छन् । होटल सञ्चालनसँगै बुटवलको आतिथ्य तथा पर्यटन क्षेत्र थप सशक्त हुने अपेक्षा गरिएको छ ।

हायात प्लेस ब्रान्ड हायात होटेल्स कर्पोरेसन अन्तर्गत सञ्चालन हुँदै आएको हो, जसका विश्वभर ४४० भन्दा बढी होटलहरू रहेका छन् ।

# मेटलाइफ नेपालले क्रिकेट खेलाडीको बीमा सम्झौता नवीकरण गर्दै



काठमाडौं- नेपालको राष्ट्रिय क्रिकेट खेलाडीहरूलाई एक वर्षदेखि बीमा सुरक्षामा राख्दै आएको मेटलाइफ नेपालले नेपाल क्रिकेट संघ (क्यान) सँगको आफ्नो साझेदारी पुनः नवीकरण गरेको छ । यससँगै पुरुष तथा महिला दुबै राष्ट्रिय क्रिकेट टोलीका सदस्यहरूलाई निरन्तर बीमा सुरक्षा तथा आर्थिक सहयोग उपलब्ध रहन जारी रहनेछ ।

गत वर्ष विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा उच्च आत्मविश्वासका साथ मैदान उत्रेका खेलाडीहरूको सुरक्षा सुनिश्चित गर्दै आएको मेटलाइफको यो नवीकरणले आगामी ठूला प्रतिस्पर्धाहरूको तयारीमा रहेका खेलाडीहरूको मनोबललाई अझ बलियो बनाएको क्यानले जनाएको छ ।

नेपालले हालै आईसीसी टी-२० विश्वकपका लागि ऐतिहासिक रूपमा योग्यता हासिल गरिसकेको अवस्थामा बीमा सुरक्षा निरन्तरता प्राप्त हुनु राष्ट्रीय खेलकुद क्षेत्रमा महत्त्वपूर्ण सहयोगका रूपमा हेरिएको छ । क्यानका सचिव तथा पूर्व कप्तान पारस खड्काले मेटलाइफको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्दै भने– "मेटलाइफ हाम्रो बीमाकर्ता भएकाले खेलाडीहरू सुरक्षित छन् भन्ने आत्मविश्वासले खेलमा पूर्ण रूपमा केन्द्रित हुन मद्दत गर्छ ।"

मेटलाइफ नेपालका जनरल म्यानेजर निर्मल काजी श्रेष्ठले राष्ट्रिय क्रिकेट टोलीप्रति कम्पनीको प्रतिबद्धताबारे भनें–

"हाम्रा खेलाडीहरू राष्ट्रको गौरव र एकताको प्रतीक हुन् । उनीहरूलाई हरेक चुनौती सामना गर्न आवश्यक सुरक्षा प्रदान गर्न पाउनु हाम्रो गौरव हो ।"

मेटलाइफ एक विश्व-अग्रणी वित्तीय सेवा प्रदायक कम्पनी हो, जसले जीवन बीमा, एन्युटी, कर्मचारी लाभ योजना र सम्पत्ति व्यवस्थापनका सेवा विश्वका ४० भन्दा बढी बजारमा प्रदान गर्दै आएको छ । सन् १८६८ मा स्थापना भएको यस कम्पनीले अमेरिका, एशिया, ल्याटिन अमेरिका, युरोप र मध्यपूर्वमा मजबूत उपस्थिति बनाइरहेको छ ।

मेटलाइफ इन्क.को सहायक संस्थाका रूपमा सन् २००१ देखि नेपालमा सेवा सुरू गरेको मेटलाइफ नेपालले व्यक्तिगत तथा संस्थागत ग्राहकहरूका लागि जीवन बीमा, दुर्घटना तथा स्वास्थ्य बीमा तथा सामूहिक बीमा योजनाहरू उपलब्ध गराउँदै आएको छ

# आइक्यानका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुले स्नातकोत्तर उपाधि हासिल गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर



काठमाडौं- नेपालको लेखा व्यवसाय क्षेत्रको नियमनकारी निकाय तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्रदायक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) र भारतको प्रतिष्ठित मणिपाल विश्वविद्यालय जयपुर (एमयूजे) बीच द्विपक्षीय समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको छ । लेखा, लेखापरीक्षण, वित्त कर तथा यससँग सम्बद्ध विषयहरूको शिक्षण, सिकाइ, अध्ययन तथा अनुसन्धान, पेसागत विकास, स्रोतसाधनको आदानप्रदान तथा संस्थागत सञ्जाल विस्तारमार्फत शैक्षिक तथा व्यावसायिक उत्कृष्टता अभिवृद्धि गर्ने दुवै संस्थाको साझा उद्देश्य हासिल गर्न आपसी सहकार्य तथा सहयोग आदानप्रदान गर्नको लागि यो समझदारी गरिएको हो ।


ललितपुर, सातदोबाटोस्थित आइक्यानको प्रधान कार्यालयमा आयोजित समारोहमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका तर्फबाट संस्थाका अध्यक्ष सिए निलबहादुर सारु मगर र मणिपाल विश्वविद्यालय जयपुरका तर्फबाट अध्यक्ष डा. नीति निपुण शर्माले हस्ताक्षर गर्नुभयो ।

यो ऐतिहासिक सम्झौताले दुई संस्थाबीच सहकार्यका लागि शैक्षिक पहुँच तथा योग्यताको पारस्परिक मान्यता, संयुक्त अनुसन्धान र शैक्षिक विकास, विशिष्टीकृत शैक्षिक मोड्युलहरू, स्रोत-साधनको पहुँच, प्राध्यापक, विशेषज्ञ तथा विद्यार्थी आदान-प्रदान लगायत प्रयोजनको लागि संयुक्त समन्वय संयन्त्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

समझदारीपत्र हस्ताक्षर कार्यक्रममा बोल्दै आइक्यानका अध्यक्ष नीलबहादुर सारु मगरले यसलाई एउटा उत्कृष्ट पहलको संज्ञा दिँदै अगाडि थप्नुभयो, 'आइक्यानले यसलाई उच्च प्राथमिकतामा राखेको छ । यो समझदारी हाम्रा सदस्यहरूले एमयूजेमा एमकम डिग्री हासिल गर्ने र आफ्नो शैक्षिक तथा अनुसन्धान-उन्मुख करिअरलाई थप विकास गर्ने अवसर पाउनेछन् । साथै, हामीले यो सहकार्यलाई कृत्रिम बुद्धिमत्ता, माइक्रो लर्निङ र अन्य उन्नत शैक्षिक नवप्रवर्तन जस्ता भविष्य-केन्द्रित क्षेत्रहरूमा पनि विस्तार गर्ने अपेक्षा राखेका छौं ।' उहाँले मणिपाल विश्वविद्यालय जयपुरसँगको यो सहकार्यले संस्थाका सदस्य र विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय स्तरको शैक्षिक तथा प्राविधिक ज्ञान हासिल गर्न र विश्वव्यापी रूपमा प्रतिस्पर्धी बन्न ठूलो मद्दत पुग्ने विश्वास लिएको पनि बताउनुभयो ।

एमयूजेका अध्यक्ष डा. नीति निपुण शर्माले आइक्यानसँग यो साझेदारीलाई औपचारिकता दिन पाउँदा साँच्चिकै खुसी लागेको बताउनुभयो । 'आइक्यानले स्थापित गरेको उच्च शैक्षिक र व्यावसायिक मानकले एमयूजेलाई आइक्यानका पेशाकर्मीहरुको क्षमतालाई मान्यता दिँदै आफ्ना कार्यक्रमहरूमा एक वर्षको छुट दिन सक्षम बनाएको छ । हामी एमयूजेमा आइक्यानका प्रतिनिधिलाई एमयूजेमा गेस्ट लेक्चरको रुपमा सहभागी गराउन र अर्थपूर्ण शैक्षिक आदानप्रदानलाई सहज बनाउन तत्पर छौं । यो त सुरुआत मात्र हो, हामीले यो कार्यक्रमलाई विस्तार गर्ने र प्रभावकारी तरिकाले अगाडि बढाउने परिकल्पना गरेका छौं,' उहाँले भन्नुभयो ।

यो साझेदारीले आइक्यानका सदस्यहरू र एमयूजेका विद्यार्थी तथा संकाय दुवैलाई प्रत्यक्ष लाभ तथा ज्ञान आदानप्रदान, शैक्षिक सुदृढीकरण र पारस्परिक मान्यताका अवसरहरूले महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार